बहुसांस्कृतिक समाजवादी लोकतन्त्र – जिन्दावाद !

# पहिचानवादी मोर्चा

## राजनीतिक तथा सङ्गठनात्मक अवधारणा–पत्र

पहिचानवादी मोर्चा
संघीय समिति

*बहुसांस्कृतिक समाजवादी लोकतन्त्र - जिन्दावाद !*

# पहिचानवादी मोर्चा
# Front for Identity
## राजनीतिक तथा सङ्गठनात्मक अवधारणा-पत्र


**पहिचानवादी मोर्चा**

**संघीय समिति**

**थसिखेल, ललितपुर**

**२०८१ साउन**

# पहिचानवादी मोर्चाः

## राजनीतिक तथा सङ्गठनात्मक अवधारणा-पत्र

**प्रकाशक** : **पहिचानवादी मोर्चा**
संघीय समिति
थसिखेल, ललितपुर
**E-mail:** idfrontnp@gmail.com

**प्रकाशन मिति** : वि.सं. २०८१ साउन (सन् २०२४ अगस्ट)

**प्रकाशन प्रति** : ३०००

**मुद्रण** : यालुङ् प्रिन्टर्स, ताहाचल, काठमाडौं

**सहयोग** : रू. १००।-

---

# Front for Identity:

**A Political and Organizational Concept Paper**

By **Front for Identity**

# विषयसूची

**१. प्रारम्भ** १

**२. उद्देश्य तथा लक्ष्य** ६

**३. बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतन्त्र** ८

३.१ बहुसंस्कृतिवाद (Multiculturalism) ८

३.१.१ स्वायत्तता र स्वशासन १०

३.१.२ सांस्कृतिक तथा जातीय अधिकार १२

३.१.३ समानुपातिक प्रतिनिधित्व तथा स्रोत-साधनको वितरण १४

३.१.४ धर्मनिरपेक्ष राज्यको सुदृढीकरण तथा रक्षा १५

३.२ सहभागितामूलक समाजवादी लोकतन्त्र (Participatory socialist democracy) १७

३.२.१ प्रतिस्पर्धात्मक निजी क्षेत्र १९

३.२.२ राज्य, समृद्धि र लोककल्याणकारी नीति २१
३.२.३ पर्यावरणीय आधुनिकता २६
३.२.४ सामुदायिक सहभागिता २७
३.२.५ लोकतान्त्रिक कर्पोरेटिजम् ३२
३.२.६ पूर्णसमानुपातिक समाजवादी निर्वाचन प्रणाली ३४
३.२.६.१ दलगत समानुपातिक निर्वाचन प्रणाली ३५
३.२.६.२ वर्ग, लिङ्ग, जातजातिगत समानुपातिक प्रणाली ३८

**४. राजनीतिक कार्यनीति** ४०
४.१ रूपान्तरणका लागि आन्दोलन ४०
४.२ भ्रष्टाचारको विरोध तथा नियन्त्रण र सुशासन ४२
४.३ सम्पूर्ण साझेदारीमा स्वाधीन र समृद्ध नेपाल निर्माण ४४
४.३.१ मानव संसाधनको विकास तथा श्रम संस्कृतिमा आधारित शिक्षा ४५
४.३.२ अधिकार सम्पन्न संघीयता, पुँजी तथा स्रोत-साधनको चुस्त र प्रभावकारी प्रयोग ४७
४.३.३ कृषि क्रान्ति ४९

४.३.४ रोजगारी र उद्यमशीलताको विकास ५०
४.३.५ सांस्कृतिक तथा इको टुरिजमको विकास ५१
४.३.६ बसाइ सराई, व्यवस्थित सहरीकरण र गाउँको विकास ५१

**५. सार्वभौम राष्ट्रिय शक्ति निर्माण प्रक्रिया** ५२
५.१ आन्दोलनका लागि मोर्चा ५२
५.२ नयाँ राजनीतिक शक्ति निर्माण ५५
५.३ बृहत् चुनावी मोर्चा ५६
५.४ बलियो मोर्चाबन्दी र मोर्चाबन्दीको प्रकृति ५९
५.५ समानुपातिक र प्रत्यक्ष सीट बाँडफाँड ६२

**६. मोर्चाको प्रस्तावित सङ्गठनात्मक ढाँचा** ६३
६.१ मोर्चाको सङ्गठनात्मक संरचना ६४
६.२ मोर्चाको सचिवालय ६५
६.३ अर्थ सङ्कलन ६६
६.४ सूचना सम्प्रेषण तथा प्रचार-प्रसार ६६

**७. नयाँ राजनीतिक शक्ति निर्माण र सङ्गठनात्मक ढाँचा** ६७
७.१ लगातार दुई कार्यकाल अध्यक्ष बन्न नपाइने ६८

७.२ दलको अध्यक्ष मन्त्री बन्न नपाइने ६९
७.३ कार्यकर्तामुखी सङ्गठन र सदस्यताको आधार ७०
७.४ मुद्दा केन्द्रित अडान ७२

**८. परराष्ट्र नीति** ७३
**९. संविधानको अग्रगामी पुनर्लेखन** ७४
**१०. अन्त्यमा** ७५

## परिशिष्ट ७७
१. समाजवादी लोकतन्त्रको कार्यदिशाबारे ७७

*बहुसांस्कृतिक समाजवादी लोकतन्त्र - जिन्दावाद !*

# पहिचानवादी मोर्चा
# Front for Identity
# राजनीतिक तथा सङ्गठनात्मक अवधारणा-पत्र

## १. प्रारम्भ

नेपालमा अढाईसय वर्षदेखि लादिएको एकलजातीय राज्यसत्ता संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि थोपरिएको छ । जस्तो समाज त्यस्तै राज्यसत्ता भएन भने देशमा विसङ्गति र द्वन्द्व पैदा हुन्छ । बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाज भएको नेपालमा एकलजातीय राज्यसत्ताले असहिष्णुता, असमानता र द्वन्द्वमात्र बढाएन; भ्रष्टाचार, नातावाद र कृपावाद बढाउदै देशलाई पुँजीवादी दलालहरूको हातमा सुम्पेर कङ्गाल पनि बनाएको तितो यथार्थ भएकाले,

वर्तमान नेपालमा विचारविमुख, भ्रष्टाचारी, विभेदकारी, एकल जातिवादी, पहिचानविरोधी, जनविरोधी, राष्ट्रघाती र कुशासनले ग्रस्त राजनीतिको विकल्पमा देशभक्त, पहिचानवादी, भ्रष्टाचार विरोधी मजदुर, किसान र गरिब जनताको उन्नति एवम् समृद्धिका पक्षधर शक्तिहरू एकजुट हुने प्रतिवद्धता जाहेर गर्दै,

गोत्रीय कोशी, बागमती, गण्डकी लगायत अन्य एकलजातीय प्रदेश नामकरण विरुद्धका आन्दोलनहरू, आध्यात्मिक आस्था खुवालुङ, तिम्बुङ्पोखरी र मुक्कुम्लुङजस्ता मुन्धुमी तथा सांस्कृतिक स्थलहरूको अतिक्रमण विरुद्धका आदिवासी जनजाति आन्दोलनहरू, बोझेनी, ढोरपाटन, टिकापुरका साथै विकासका नाममा जथाभावी हाइड्रोपावर, सडक विस्तार, केवलकार लगायतका विनाशकारी परियोजनाहरू विरुद्धका आन्दोलनहरूमा सरिक हुँदै,

लैङ्गिक समानताका लागि महिला तथा अन्य लैङ्गिक मुक्ति आन्दोलन, जात व्यवस्था विरुद्धको दलित/शिल्पी आन्दोलन, भाषिक शोषण विरुद्धको आन्दोलन, मधेसी, अल्पसङ्ख्यक धर्मावलम्बीको अधिकारवादी आन्दोलन, अख्तियार दुरुपयोग

तथा नीतिगत र अन्य सबैखाले भ्रष्टाचारविरुद्धको आन्दोलनमा ऐक्यवद्धता र सहभागिता जनाउँदै,

आर्थिक शोषणविरुद्ध गरिब, किसान, मजदुर, सहकारी एवम् लघुवित्त पीडित, असली भूमिहीन सुकुम्बासी, मिटरब्याजी पीडित र न्यायका लागि गरिने सबैखाले विभेद र शोषण विरुद्धका आन्दोलनहरूमा निरन्तर सहभागी भई सामाजिक तथा राजनीतिक रूपान्तरण गर्ने कार्यमा सशक्त रूपमा लाग्ने अठोट गर्दै,

इलाम २ को उपनिर्वाचनमा साझा स्वतन्त्र उम्मेदवारले पाएका उल्लेखनीय मत र समर्थनले निर्देश गरेको मार्गलाई मध्यनजर गर्दै, विश्वव्यापी रूपमा उर्लेको न्याय, समता र पहिचानको आन्दोलनलाई सम्बोधन गरिएका दृष्टान्तहरू मनन गरी नेपालमा न्याय र समानताका लागि उठेका पहिचानसहितको समाजवादी आन्दोलन र निरन्तर विस्तार भइरहेको पहिचानवादी आन्दोलनलाई सडक सङ्घर्ष, निर्वाचन र अन्य माध्यमबाट अगाडि बढाउन सशक्त भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

आई.एल.ओ महासन्धि १६९, युएनड्रीप, यु.एन. चार्टर लगायत नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र सम्झौताहरूले प्रदान गरेका हकअधिकार कार्यान्वयनको प्रत्याभूतिका साथै विभिन्न समयमा भएका पहिचानवादी आन्दोलन र सरकारबीचका सहमतिहरूबाट प्राप्त उपलब्धिहरूलाई संरक्षण र संस्थागत गर्दै,

पहिचान र देश निर्माणको ऐतिहासिक आन्दोलनमा बलिदान गर्नुहुने महान शहिदहरू, घाइते, अपाङ्ग, जेलनेल र झुठा मुद्दामा परेका सबै वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै, देशभर पहिचानको आन्दोलनले जित्ने साझा सपना पूरा गरेरै छाड्ने दृढ सङ्कल्पका साथ पहिचानका लागि सङ्घर्षरत विभिन्न दल, संघ संस्था, नागरिक समूह, अभियन्ता, व्यक्ति/नेतृत्वहरूको इतिहास, योगदान र निरन्तरताको उच्च मूल्याङ्कन र कदर गर्दै, पहिचान र न्यायको आन्दोलनलाई गाउँ, टोलसम्म पुऱ्याउदै आम नागरिकप्रति जवाफदेही रहने, जनजीविकाको सवालमा दृढतापूर्वक लाग्ने, मुद्दा केन्द्रित अडान राख्ने राष्ट्रिय शक्ति निर्माण गरी सबै खाले विभेदका विरुद्ध आन्दोलन गर्दै, समानुपातिक समावेशी, बहुसंकृतिकवाद

र सहभागितामूलक समाजवादी लोकतन्त्रमा आधारित विचारधारामार्फत देशलाई समृद्धितर्फ लैजान,

विद्यमान पहिचान र न्यायविरोधी राजनीतिमा मौलाएको कुशासन, असमानता, अन्याय, भ्रष्टाचार, नातावाद र कृपावादलाई समूल नष्ट गर्ने वैकल्पिक राजनीतिको जोडदार माग देश र जनताले गरिरहेको अवस्था र आवश्यकतालाई आत्मसात गर्दै, विस्तार भएको पहिचानवादी आन्दोलनका छरिएर रहेका शक्तिहरूलाई एकत्रित गर्दै आमूल परिवर्तनकारी एकीकृत पहिचानवादी राजनीतिक शक्ति निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न एक संयोजनकारी सहजकर्ता 'पहिचानवादी मोर्चा' (२०८१ बैसाख २७/मे ९, २०२४) स्थापना भएको हो ।

## २. उद्देश्य तथा लक्ष्य

मोर्चाबन्दी, आन्दोलन, राष्ट्रिय राजनीतिक शक्ति निर्माण गर्दै शक्ति सञ्चय र विस्तारका लागि निर्वाचनमा सहभागी बन्दै दृढतापूर्वक देश जिम्मा लिएर न्यायपूर्ण समाज निर्माण गर्ने उद्देश्य बोकेको पहिचानवादी मोर्चाको लक्ष्य बहुसांस्कृतिक सहभागितामुलक समाजवादी लोकतान्त्रिक राज्य स्थापना गरी नेपाललाई समृद्ध बनाउनु हो ।

यो उद्देश्य हासिल गरेपश्चात संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा सबै समुदायको सशक्तीकरण, पहिचानको सम्मान, सांस्कृतिक र जातीय/सामुदायिक अधिकारको सुनिश्चितता, धर्मनिरपेक्ष राज्यको सुदृढीकरण र संरक्षण, जात व्यवस्थाको समूल अन्त्य, समानुपातिक प्रतिनिधित्व तथा स्रोत-साधनको समुचित वितरण गर्दै बन्धुत्व र सह-अस्तित्वको वातावरण बनाई जातीय मुक्ति तथा वर्गीय मुक्तिसहितको लैङ्गिक समतायुक्त विधिको शासन र भ्रष्टाचारमुक्त, समृद्ध र विभेदरहित न्यायपूर्ण समाज निर्माण गर्ने लक्ष्य हो ।

मोर्चाको लक्ष्य एकलजातीय राज्यसत्ताको समूल अन्त्य गरी अधिकार सम्पन्न न्यूनतम १०+१ (लिम्बुवान, किरात, शेर्पालुङ, ताम्सालिङ, नेवाः, तमुवान, मगरात, खसान, थरुहट, मधेश र दलित/शिल्पी प्रदेश) प्रादेशिक स्वायत्तता, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रसहित संघीयता, समाजवादी समानुपातिक निर्वाचन प्रणालीको कार्यान्वयन र सहभागितामूलक समाजवादी लोकतान्त्रिक अर्थराजनीतिक व्यवस्थासहित बहुसांस्कृतिक राज्यसत्ता स्थापना गर्दै भूगोलमात्र एकीकरण भएको मुलुक नेपाललाई नयाँ राष्ट्रिय एकीकरण गर्ने रहेको छ ।

यो मोर्चाको लक्ष्य र उद्देश्य प्राप्तिका निमित्त प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिको कार्यादेशमा गठित तेस्रो जनआन्दोलन तयारी समितिका नेताहरूको सकारात्मक योगदान स्मरणीय छ ।

## ३. बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतन्त्र

मोर्चा तथा भावी नयाँ राजनीतिक शक्ति निर्माणको प्रस्तावित विचारधारा एवम् कार्यदिशा बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतन्त्र (Multicultural Participatory Socialist Democracy) हुनेछ ।

### ३.१ बहुसंस्कृतिवाद (Multiculturalism)

नेपाली समाज विविधतापूर्ण छ । कुनै समुदाय आफ्नो पुर्ख्यौली थातथलोको ऐतिहासिक क्षेत्रमा एकत्रित छन् (जस्तैः काठमाडौंका नेवार, खसानका खस, मधेशका मधेशी आदि) । तिनै समुदायका मानिसहरू थातथलो बाहिर पनि छरिएर रहेका छन् । अरू समुदायहरू (दलित/शिल्पी, मुस्लिम, आर्य आदि) पनि देशका विभिन्न ठाउँमा छरिएर रहेका छन् । कुनै समुदायको जनसङ्ख्या ठूलो त कुनैको थोरै छ । जातिहरूबीच तेर्सो विविधता (Horizontal difference) छ भने जातहरूबीच तल्लो र माथिल्लो भनिने ठाडो विभाजन (Vertical difference) राज्य, धर्म र समाजले निर्माण गर्दै तथाकथित तल्लो जातलाई उत्पीडनमा पारेका छन् । तेर्सो विविधता

नेपालको मौलिक सम्पत्ति हो तर ठाडो विभाजन सामाजिक रोग हो । यस्तो जात व्यवस्थाको अन्त्य गरिनु पर्दछ भने जाति तथा राष्ट्रहरूमा रहेको विविध संस्कृतिको सम्मान र संरक्षण गरिनु पर्दछ । जातीय विविधताको उचित व्यवस्थापन गरेमा देश समृद्ध हुनेछ । तर, उचित व्यवस्थापन नगरे हिंसात्मक घरेलु द्वन्द्व र अशान्ति लगायतका ठूला समस्याहरू उत्पन्न हुनेछन् ।

पहिचान भनेर सामान्यतया आम नागरिकले बुझ्ने र सम्झने नै बहुसंस्कृतिवाद हो । फरक जात, जाति, राष्ट्र, धार्मिक, क्षेत्रीय र सांस्कृतिक समूहहरूको पहिचानलाई समाजमा सम्मानपूर्वक स्वीकार गर्दै संरक्षण र सम्बर्द्धन गरिनु तथा सह-अस्तित्वका साथ बाँच्न पाउनु पर्दछ भन्ने धारणा नै बहुसंस्कृतिवाद हो । यसले विभिन्न सांस्कृतिक विविधता, राष्ट्रिय र धार्मिक विविधता, अल्पसङ्ख्यकता तथा सीमान्तीकरणबाट उत्पन्न हुने चुनौतीहरूलाई समता र न्यायमूलक तवरले सम्बोधन गर्दछ । बहुसंस्कृतिवादले निम्न तरिकाले विविधताको सम्बोधन गर्दछः

(१) स्वायत्तता र स्वशासन (एकत्रित सामुदायिक जनसङ्ख्याका लागि)

(२) सांस्कृतिक र जातीय अधिकार (छरिएर रहेका समुदायका लागि/अन्तरप्रादेशिक बन्धुत्वका लागि)

(३) समानुपातिक प्रतिनिधित्व तथा स्रोत-साधनको समतामूलक वितरण

(४) धर्मनिरपेक्ष राज्यको सुदृढीकरण र रक्षा

### ३.१.१ स्वायत्तता र स्वशासन

स्वायत्तता बहुसंस्कृतिवादको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । बहुसंस्कृतिवादले भूगोलमा एकत्रित रहेका विभिन्न राष्ट्रहरूलाई जनसङ्ख्याको अवस्था अनुसार अधिकार सम्पन्न स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्र र प्रादेशिक स्वायत्तताको सुनिश्चितता गर्दछ । स्वायत्तताले आदिवासीहरूको जल, जङ्गल र जमिनमाथिको हक अधिकारको प्रत्याभूति र सुनिश्चितता गर्दछ। नेपालमा न्यूनतम १०+१ मा आधारित अधिकार सम्पन्न संघीय संरचनामार्फत स्वायत्तता र स्वशासनको अभ्यास हुनुपर्दछ । स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीको मूल्य-मान्यतालाई आत्मसात गरी राज्य सञ्चालन हुनुपर्दछ।

वर्तमान सात प्रादेशिक संघीय खाका एकलजातीय र नक्कली संघीयता हो । सात प्रदेशमध्ये ६ वटा प्रदेशमा एउटा

जातिको बहुमत वा ठूलो बाहुल्य छ । ती ६ वटा प्रदेशमा एउटै जातिको प्रभुत्व रहनेछ । संघमा पनि ती ६ वटा प्रदेशबाट एउटै जातिको बहुमत वा ठूलो बाहुल्य प्रतिनिधित्व हुने भएकाले संघमा पनि एउटै जातिको हाबी रहनेछ । ७ वटामध्ये ६ वटा प्रदेशमा र संघमा एउटै जातिको हाबी हुने भएकोले एकल जातीय संघीयता हो । संघीयतामा संघ र विभिन्न प्रदेशमा छुट्टा छुट्टै समुदायको प्रभाव हुनुपर्दछ ।

संघीयतामा प्रदेशलाई उल्लेखनीय अधिकार दिइन्छ तर वर्तमान संघीयतामा प्रदेशलाई अधिकार दिइएको छैन । त्यसैले यो नक्कली संघीयता हो ।

जातजाति/राष्ट्रको पहिचान के हो भन्ने सम्बन्धमा विवाद उठेको खण्डमा आत्मनिर्णयको सिद्धान्तमा टेकेर सम्बोधन गरिनु पर्दछ । जस्तोः दलित वा शिल्पी, किरात, राई वा खम्बु अर्थात ताम्सालिङ, तामाङ्सालिङ, ताम्बासालिङ वा सैलुङ के भन्ने भनेर सम्बन्धित समुदायले नै लोकतान्त्रिक विधिबाट टुङ्गो लगाउनु पर्दछ र अन्यले त्यो निर्णयलाई शिरोधार्य गर्नुपर्दछ ।

### ३.१.२ सांस्कृतिक तथा जातीय अधिकार

जहाँसुकै छरिएर रहेका जातजाति र समुदायहरूको जातीय, धार्मिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्नु बहुसंस्कृतिवादको दोस्रो पाटो हो ।

काठमाडौंमा एकत्रित रहेका नेवारहरू स्वशासन अभ्यास गर्न सक्दछन् । तर, धरान वा पोखराका नेवारहरूका लागि स्वशासन सम्भव हुन्न; किनकि त्यहाँ स्वशासनका लागि चाहिने एकत्रित नेवारको जनसङ्ख्या उपलब्ध छैन । काठमाडौंका नेवार नेवाः प्रादेशिक स्वायत्तता सहितको राष्ट्रको सदस्य हुन् । तर, काठमाडौंबाहिर छरिएर रहेका नेवारहरू नेवाः प्रादेशिक स्वायत्तता सहितको राष्ट्रको सदस्य रहँदैनन् । तथापि, काठमाडौं बाहिरका नेवारहरूको पनि नेवाः राष्ट्रसँग जातीय र सांस्कृतिक केन्द्रको रूपमा कसिलो भावनात्मक सम्बन्ध जोडिएर रहेको हुन्छ ।

नेवाः स्वायत्त प्रदेशमा नेवारहरू स्वायत्ततामार्फत आफ्नो फरक आवश्यकता र आकाङ्क्षाहरू आफूले चाहे अनुसार निर्णय गर्दै पूरा गर्न सक्दछन् । तर, नेवाः मण्डलमा प्राप्त

स्वशासनले देशभर छरिएर रहेका नेवारहरूको उल्लेखनीय सांस्कृतिक सवालहरू सम्बोधन गर्दैन । त्यसैले, देशभर छरिएर रहेका नेवारहरूको सांस्कृतिक र जातीय अधिकार सुनिश्चित गर्न जरुरत छ । त्यस्तै, अन्य थातथलो बाहिर छरिएका तामाङ, राई, मगर, गुरुङ, थारू, खस आदिको र पूर्ण रूपले छरिएर रहेका दलित/शिल्पी, आर्य आदिको सांस्कृतिक र जातीय अधिकार सुनिश्चित गर्न जरुरत छ । तसर्थ, प्रस्तावित लिम्बुवान, किरात, ताम्सालिङ, नेवाः आदि प्रदेशको भूगोलभित्र छरिएर रहेका समुदायहरूको सांस्कृतिक, धार्मिक, प्रतिनिधित्व लगायतका अधिकारहरूको प्रत्याभूतिका साथ सर्वजातीय राज्य व्यवस्थाको अभ्यास गरिनेछ ।

देशभर छरिएर रहेका दलित/शिल्पीहरू सामुदायिक/जातीय इकाइकै रूपमा जातको आधारमा र वर्गीय दुवै शोषण र उत्पीडनमा छन् । त्यसैले, उनीहरूका लागि जातीय र वर्गीय दुवै मुक्तिको पाटो पनि महत्त्वपूर्ण छ । इतिहासमा मात्र होइन; वर्तमानमा पनि, दलित/शिल्पीहरू देशको कानुन, सामाजिक मान्यता र संस्कार आदिबाट शोषित र उत्पीडित छन् । तसर्थ, दलित/शिल्पीको हकमा जातीय समानता, जात व्यवस्था तथा

छुवाछुतको अन्त्य, समानुपातिक प्रतिनिधित्व र न्यायोचित स्रोत-साधनको वितरण हुनुपर्दछ र गरिनेछ ।

### ३.१.३ समानुपातिक प्रतिनिधित्व तथा स्रोत–साधनको वितरण

समानुपातिक प्रतिनिधित्व बहुसंस्कृतिवादको तेस्रो पाटो हो । समानुपातिकता अन्तर्गत दुई उपपाटाहरू पर्दछन्ः

(क) प्रतिनिधित्व, र

(ख) स्रोत-साधनको वितरण ।

समानुपातिक निर्वाचन प्रणाली र आरक्षणमार्फत प्रतिनिधित्वको सुनिश्चितता र समावेशी नीति तथा अन्य विशेष व्यवस्थाबाट स्रोत-साधन समानुपातिक रूपमा वितरण हुन पर्दछ ।

न्यायालय, कर्मचारीतन्त्र र सुरक्षा क्षेत्रलगायत राज्यका सबै अङ्गमा जातीय, लैङ्गिक जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराउँदै तिनलाई जवाफदेही र व्यावसायिक पनि बनाउन जरुरत छ । कम्तीमा दुईवटा मातृभाषामा दखल भएका राष्ट्रसेवकहरूको नियुक्तिले समानुपातिक प्रतिनिधित्व, जवाफदेहिता र व्यावसायिकताको बढवा गर्नेछ ।

पितृसत्तात्मक व्यवस्था अन्त्य गरी लैङ्गिक समानताका लागि लैङ्गिक हिंसा अन्त्य गरी स्रोत-साधनमा समतामूलक पहुँचको सवाललाई सम्बोधन गर्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कानुन तर्जुमाका लागि वकालत गर्ने र कानुन निर्माण गर्न मोर्चा कटिबद्ध रहनेछ । कम्तीमा पनि ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्दै ५० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य रहनेछ । साथै, तेस्रो लिङ्गी र फरक तरिकाले सक्षम समूहहरूको पनि उचित प्रतिनिधित्व गरी उनीहरूलाई समतामूलक स्रोत-साधनको व्यवस्था  र वितरण गरिनु पर्दछ ।

देशबाहिर रहेका प्रवासी नेपालीहरू साथै भूपू गोर्खा सैनिकहरूले आफू रहेकै मुलुकबाट मताधिकारको प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ र गरिनेछ ।

### ३.१.४ धर्मनिरपेक्ष राज्यको सुदृढीकरण तथा रक्षा

नेपाल धर्मनिरपेक्ष राज्य भनेर संविधानले घोषणा गरेको छ । यो प्रावधानले राज्यको धर्म नहुने र सबै धर्महरूप्रति राज्यको समान दृष्टिकोण र व्यवहार हुने सिद्धान्त अँगालेको हुन्छ । तर, संविधानको मर्म विपरीत एकलजातीय राज्यसत्ताले एउटा

धर्मको पक्षपोषण गरेको छ । अरू धर्म, धार्मिक आस्थाका नागरिकहरूप्रति असमान र अन्यायपूर्ण व्यवहार गर्दै आएको छ । तसर्थ, यो मोर्चा एकलजातीय राज्यसत्ताबाट नेपाली नागरिकहरूमा हुँदै आएको यस्तो धार्मिक विभेदको अन्त्य गर्दै धर्मनिरपेक्ष राज्यको सुदृढीकरण र संरक्षणमा कटिबद्ध रहनेछ ।

नेपालको मठ-मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिले अकुत आय-आर्जन गर्दछन् । ती स्रोतको आय-व्ययबारे राज्य र आमनागरिक अनभिज्ञ छन् । राज्यले सबै मठ-मन्दिरको आय-व्यय पारदर्शी बनाउने कानुन बनाई उपलब्ध कोष स्वास्थ्य, शिक्षा आदिमा खर्चगर्ने व्यवस्थाको सहजीकरण गरिनुपर्दछ । साथै, सिद्धान्ततः धर्मनिरपेक्ष राज्यमा नागरिकको करबाट उठेको राज्यकोष कुनै पनि धर्म तथा धार्मिक गतिविधिमा खर्च गरिनु हुँदैन ।

स्वायत्तता, सांस्कृतिक अधिकार, समानुपातिक प्रतिनिधित्व र धर्मनिरपेक्ष राज्य आदि यी सबै आयामहरू सहअस्तित्वका लागि आवश्यक तत्त्व हुन् । यसरी, मेचीदेखि महाकालीभित्र सबै व्यक्ति र समुदायको पहिचानको सम्मान, सबै समुदाय

र तिनका सदस्यहरूको सशक्तीकरण गर्दै नेपालबाहिर रहेका नेपालीहरूको हक-अधिकार, रक्षा र कार्यान्वयन गर्दै सबै नेपालीहरूबीच सह-अस्तित्व कायम गर्दै बन्धुत्वको भावना विकास गर्ने लक्ष्य यस मोर्चा र निर्माण गरिने राजनीतिक शक्तिको रहनेछ ।

## ३.२ सहभागितामूलक समाजवादी लोकतन्त्र (Participatory socialist democracy)

मोर्चाले अगाडि सारेको सहभागितामूलक समाजवादी लोकतन्त्र राजनीतिक समानताको आधारमा आर्थिक समानता र मानवीय स्वतन्त्रता प्रत्याभूत गर्ने नवीन विचारधारा तथा राजनीतिक कार्यदिशा हो । यसले, आर्थिक समृद्धिका साथसाथै मजदुर, किसान, सुकुम्बासी लगायतका कमजोर एवम् उत्पीडित सर्वसाधारण नागरिकहरूको हितका लागि लोककल्याणकारी राज्य निर्माण गर्न बजार/निजी क्षेत्र, राज्य र समाज/समुदायको भूमिकामा जोड दिनेछ। यहाँ बुझ्नुपर्ने कुरा के हो भने पुँजीवादले भनेजस्तो निजी क्षेत्रले मात्र आर्थिक उन्नति गर्न सक्दैन । पुँजीवादलाई पूर्ण रूपले खुल्ला छोड्दा विकृतिहरू फस्टाउछ ।

राज्यको भूमिका न्यून हुने र दान-अनुदानबाट सामाजिक क्षेत्रमा लगानी गरिनुपर्छ भन्ने नवउदारवादी सोच अपुग भएको पुष्टि भइसक्यो । साथै, साम्यवादले भनेजस्तो राज्यले मात्र पनि त्यस्तो उन्नति गर्न सक्दैन । राज्यमा मात्र भरगर्दा प्रशस्त समस्याहरू उत्पन्न भएका छन् । कतिपय सवालमा राज्य र निजी क्षेत्र परिपूरक भएर काम गर्नुपर्दछ । अझै, निजी क्षेत्र र राज्य दुई क्षेत्रहरू मिलेरमात्र पनि पुग्दैन । आर्थिक विकास र नागरिक हितका लागि निजी क्षेत्र, राज्य र समाज तीनै क्षेत्रको बेग्ला बेग्लै र संयुक्त भूमिका महत्त्वपूर्ण हुन्छ । कतिपय सवालमा यी तीनै क्षेत्रहरूको सहकार्य जरुरत पर्दछ ।

देशभक्तिपूर्ण प्रतिस्पर्धात्मक निजी क्षेत्रमार्फत आर्थिक विकास र रोजगारी सृजना गरिनेछ । राज्यले निजी क्षेत्रमा हुने विकृति रोक्न नियमनका साथै समृद्धिका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्नेछ । विभिन्न कारणले निजी क्षेत्र जान नचाहने वा काम गर्न नसक्ने भएमा राज्यले सेवा पुऱ्याउने छ। पुँजी सङ्कलन र परिचालन गर्दै आवश्यकता अनुसार उद्यमीहरूलाई सहयोग गर्दै लोककल्याणकारी नीतिमार्फत समतामूलक समाजको प्रत्याभूति गर्नेछ । सहभागिता (प्रश्न, आवाज, क्रियाशीलता,

पैरवी, आन्दोलन आदि) मार्फत निजी क्षेत्र र राज्य पुग्न नसकेको, नचाहेको वा पुगेको खण्डमा पनि क्षति पुऱ्याउने क्षेत्रमा समाज/समुदाय सक्रिय भई राज्य र नीजि क्षेत्रलाई जवाफदेही बनाई  विभिन्न सवालहरू सम्बोधन र व्यवस्थापन गराउनेछ । राज्य र निजी क्षेत्रलाई समाजको आवश्यकता, चाहना र एजेण्डा बोध गराउने तथा कतिपय महत्त्वपूर्ण सवालबारे निर्णय गर्न समाज वा समुदायले नै बाध्य बनाउनेछ ।

राज्यको रोहबरमा पुँजीपति तथा निजी क्षेत्रका प्रतिनिधिहरूबीच महत्त्वपूर्ण आर्थिक सवालमा छलफल, वार्ता र सहमतीय निर्णय; आन्दोलन र अन्य तरिकाबाट सामुदायिक सहभागिता र पूर्णसमानुपातिक समाजवादी निर्वाचन प्रणालीमार्फत नीति निर्माणमा जनआवाजको समावेश गरिने अवधारणा आवश्यक छ । साथै, पर्यावरणीय आधुनिकतामार्फत दिगो विकास गरिनेछ ।

### ३.२.१ प्रतिस्पर्धात्मक निजी क्षेत्र

सहभागितामूलक समाजवादी लोकतन्त्रले पुँजीवादमा हुने सम्भावित एकाधिकार र कार्टेलिङ (Cartelling) रोक्न

र बजारमा प्रतिस्पर्धा कायम राख्न राज्यद्वारा नियमन गर्दै प्रतिस्पर्धात्मक सन्तुलित निजी क्षेत्रको विकास गर्नेछ। राज्यबाट नियमन गरिएको प्रतिस्पर्धात्मक बजार/पुँजीवादमार्फत उद्योग धन्दा, सेवा/व्यवसाय आदिको विकास र प्रवर्द्धन हुनेछ तर एकाधिकार, कार्टेलिङ, सेटिङ, क्रोनी आफन्तवाद आदि रोकिनेछ। निजीक्षेत्र असफल हुँदा राज्यले हस्तक्षेप गर्नेछ र दुई छिमेकी प्राथमिकताको अन्तरनिर्भर र विश्वलाई आई.टी. सेवा आदिको निर्यात गर्ने राष्ट्रिय अर्थतन्त्र निर्माणमा जोड गरिनेछ।

सहभागितामूलक समाजवादी लोकतन्त्रमा पुँजीवादका विकृतिहरू फस्टाउन पाउदैनन् । तर त्यसका सबल पक्ष भने फस्टाउने वातावरण सृजना गरिनेछ। विकृति न्यूनीकरण गरिएको प्रतिस्पर्धात्मक बजार/पुँजीवादबाट फस्टाएको उद्योग, व्यवसाय र सेवाक्षेत्रबाट अधिकांश नागरिकले रोजगार पाई आफ्नो र परिवारको आर्थिक अवस्था सुधार, कल्याण र उद्धार गर्नेछन् ।

लोकतान्त्रिक समाजवाद भन्ने नेपाली कांग्रेस वि.सं. २०४८ सालपछि नवउदारवादी पुँजीवादी भइसकेको छ। आफूलाई साम्यवादी भन्ने नेकपा एमालेले दक्षिणपन्थी राजतन्त्रलाई स्वीकार्दै नवउदारवादी पुँजीवाद पनि अँगाली

सकेको छ । नेपाली कांग्रेस र नेकपा एमाले दुवै दलका माथिल्ला नेतृत्व एकलजातीय राज्यसत्ता र समाजको पक्षपोषक भइसकेका छन् । उनीहरू काम नगरी विलासी जीवन बिताउने उच्चतम वर्गमा रुपान्तरण भइसकेका छन् । नेकपा माओवादीले चाहिँ नीति र व्यवहारमा एमालेलाई अनुसरण गर्दै हिँडिरहेको छ । त्यसैले, समाजवादको नारा दिने यी सबै पुराना दलहरूबाट समाजवादको नाममा नेपाली जनताहरूलाई चरम धोकामात्र दिइरहेका छन् । यस्तो राजनीतिक बेइमानी भइरहेकाले साँचो अर्थमा सहभागितामूलक समाजवादी लोकतान्त्रिक अर्थतन्त्रको स्थापना गरेर र नेपाललाई समृद्ध बनाई सम्पूर्ण नेपालीको कल्याण गर्ने जिम्मेवारी यो मोर्चा र निर्माण हुने राजनीतिक शक्तिले पूरा गर्नेछ ।

### ३.२.२ राज्य, समृद्धि र लोककल्याणकारी नीति

निजी क्षेत्र नाफा नहुने कतिपय क्षेत्रमा जाँदैन वा गए पनि बिगार गर्न सक्छ । अर्कोतिर, पुँजीको अभावमा देशभित्र ठूलो परियोजनामा निजी क्षेत्रले लगानी गर्न सक्दैन वा विश्वका स्थापित विशाल कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न चुनौतीपूर्ण हुन्छ । साथै, पूर्वाधारबेगर निजी क्षेत्र फस्टाउँदैन । यी क्षेत्रमा राज्यका

साथै सामुदायिक क्षेत्रको भूमिका पनि महत्त्वपूर्ण हुन्छ ।

तसर्थ, समृद्धिको पथमा देशलाई अगाडि बढाउनका लागि बजार वा निजी क्षेत्रलाई नियमन गर्नका साथै राज्यको विशेष भूमिका रहन्छ । राज्यले निजी क्षेत्रलाई फस्टाउन दिनको लागि उचित नीति, पूर्वाधारको विकास, पुँजी सङ्कलन, परिचालन र व्यवस्थापनको भूमिका निर्वाह गर्दछ । साथै, बजार असफल हुँदा हस्तक्षेपकारी भूमिका पनि खेल्दछ । निजी क्षेत्र नजाने भूगोल वा क्षेत्र (Sector) मा राज्यले लगानी गर्नुपर्दछ । त्यसैगरी, साना निजी क्षेत्रको विकास, निजी क्षेत्रलाई विश्वमा प्रतिस्पर्धात्मक बनाउन सहयोग र निजी क्षेत्रसँग सहकार्य (Public-Private partnership) आदिमा राज्यको विशेष भूमिका रहनेछ ।

राज्यले विधिको शासन स्थापना गरेको खण्डमा देश स्वतः समृद्धिको पथमा लम्किन थाल्छ । साधारणतया मानिसहरू आफू र आफ्नो परिवारको कल्याण चाहन्छन् । उनीहरू आफ्नो परिवारलाई खान-लाउन, छोराछोरीलाई राम्रो पढाउन र आफू पनि पहिलेको दाँजोमा सुविधामा रहन (बाइक, मोटर, जग्गा, घर आदि) सम्पत्ति जोड्न चाहन्छन् । विधिको शासन भएमा

काम गर्ने वातावरण बन्ने (उदाहरणका लागि लाइसेन्स लिनको लागि घुस दिनु नपर्ने इत्यादि) र मेहनतले जोडेको सम्पत्तिको सुरक्षा हुने भएकाले प्रायः मानिसहरू मिहिनेत गर्न पछि पर्दैनन् । यसरी, धेरै नागरिकहरूले आफ्नो आर्थिकस्तर उठाए भने देशको स्वतः विकास हुन्छ । विधिको शासनको सट्टा सेटिङ, घुसखोरी, नातावाद र भ्रष्टाचार व्याप्त भएमा सीमित चण्डालहरूको कल्याण हुन्छ भने धेरैलाई व्यापार, व्यवसाय सुरु गर्न र काममा मेहनत गर्न जाँगर चल्दैन ।

यसरी सहभागितामूलक समाजवादी लोकतन्त्रले एकातिर उद्यमीहरूलाई उद्योगधन्दा, व्यापार व्यवसाय गर्न उचित वातावरण सृजना गरेर देशलाई समृद्धिको बाटोतिर लम्काउछ भने राज्यले पुँजीपति र बजारलाई नियमन गरी पुँजीवादको खराब पक्ष (बजार असफलता, एकाधिकार, कार्टेलिङ आदि) बाट जोगाउछ । विस्तारित बजारले स्थापित गरेको उद्योग, व्यापार र सेवा व्यवसायबाट ठूलो जनसङ्ख्याले रोजगारी पाउछन् र राज्यले करमार्फत आय सङ्कलन गर्दछ ।

निजीक्षेत्रको कल कारखाना, व्यवसाय आदिमा उपलब्ध रोजगारीबाट फाइदा लिन नसकेका नागरिकहरूलाई

सहभागितामूलक समाजवादी लोकतान्त्रिक व्यवस्थाले कल्याण गर्दछ । सहभागितामूलक समाजवादी लोकतन्त्र अन्तर्गत प्रतिस्पर्धात्मक निजीक्षेत्रमा फस्टाएको उद्योग, व्यवसाय, सेवा क्षेत्रबाट र तिनमा काम गर्नेहरूबाट राज्यले आय र अन्य करबाट राजश्व उठाई जम्मा गरेर सबैलाई स्वास्थ्य र शिक्षा प्रत्याभूति गर्दछ । बालबच्चा, अशक्त, अपाङ्ग, वयोवृद्ध, बेरोजगार, असहाय आदिलाई आधारभूत भौतिक सुविधाहरू उपलब्ध गराउछ । यो प्रावधान अन्तर्गत देशका गरिब, किसान, मजदुर, महिला, लगायतका उत्पीडितहरूलाई अधिकतम सेवा, सुविधा र अधिकार उपभोग गराएर नागरिकहरूलाई जातीय र वर्गीय मुक्ति प्रदान गर्दछ ।

तसर्थ, राज्यमा समृद्धि र लोकहितका लागि भ्रष्ट दलालहरूको पुँजी जफत गरी शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा लगानी गरिनेछ । नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य अधिकार जुनसुकै मूल्यमा पनि राज्यको दायित्वमा राखिनेछ । भ्रष्टाचार अन्त्यका लागि भ्रष्टाचारीलाई कडा सजायको व्यवस्था गर्न ऐन कानुनमा गुणात्मक सुधार तथा राष्ट्रिय नागरिक जागरण अभियानलाई प्रोत्साहन गरी

देशमा भ्रष्टाचार न्यूनीकरण गरिनेछ । संविधानको वर्गीय, जातीय, भाषिक, सांस्कृतिक तथा लैङ्गिक विभेद अन्त्य गर्ने प्रावधानलाई कडाइका साथ लागू गर्न सो स्तरको ऐन कानुन व्यवस्था र नीतिगत तथा संरचनागत रुपान्तरणमा जोड दिइनेछ। विपन्न वर्गका नागरिकलाई आवास र रोजगारी व्यवस्थापनमा विशेष जोड दिई भौतिक गरिबी मुक्त समाज निर्माण गरिनेछ। 'राष्ट्रिय गाउँ/शहर नीति' र 'हिमाली तथा उच्च हिमाली क्षेत्रका परम्परागत वस्तीहरूको दीर्घकालीन विकास रणनीति' निर्धारण गरी न्यायोचित लगानीद्वारा उद्योग धन्दा र बजार विकास गरी स्वदेशमा लाखौं रोजगारीको क्षेत्र वृद्धि गरिनेछ । उत्पादन तथा निर्माण कार्यमा श्रम कार्यबोझ घटाउन विज्ञान-प्रविधिको विकास तथा प्रयोगमा व्यापकता दिइनेछ । एकातिर दलाल पुँजीवादको प्रकोप तथा अर्कातिर कृत्रिम बौद्धिक प्रविधि (Artificial intelligence) को भरमारले उत्पादन र राजनीतिको क्षेत्रबाट दलित, श्रमिक, महिला र अदिवासीलाई ज्यामितीय रफ्तारमा वेरोजगार र विस्थापित वर्गमा धकेल्दै छ। मानवता विरोधी त्यस विषमतालाई रोक्न सहभागितामूलक समाजवादी लोकतन्त्रको कार्यदिशामा आवश्यक नीति तथा कार्यक्रमहरू विकसित गरी श्रमिक, दलित तथा विस्थापित वर्ग,

महिला र आदिवासीको हित प्रवर्द्धन गर्दै अनुकूल राज्यव्यवस्था निर्माणमा जोड दिइनेछ ।

### ३.२.३ पर्यावरणीय आधुनिकता

बजार अर्थतन्त्र बलात्कारी पुँजीवादमा आधारित नभई पर्यावरणीय आधुनिकता (Ecological modernization) को पथमा अगाडि बढाइनेछ । जर्मनी र स्विट्जरल्याण्डजस्ता देशहरूले पर्यावरणीय औद्योगीकरणको नीति लिएर सन्तुलित तथा पर्यावरणमैत्री विकासको माध्यमबाट विश्वको सम्पन्न देशहरूमध्येमा पर्न सफल भएका छन् । भारतको सिक्किममा पनि कृषि र वनक्षेत्रमा भएको पर्यावरणीय विकासको सम्मान गर्दै जैविकराज्य घोषणा गरिएको छ । यस नीतिले नेपालको विविधतायुक्त प्रकृतिको संरक्षण र आदिवासी/मूलवासीहरूको जल, जङ्गल र जमिनको संरक्षण तथा विकास गर्नेछ। यतिमात्र होइन, तिनको उचित प्रयोगबाट देशको दिगो विकासमा टेवा पुग्नेछ र विश्वमा देखापरेको पर्यावरणीय चुनौतीलाई सामना गर्न उल्लेखनीय भूमिका खेल्दै देशको स्रोत-साधन पछिल्लो पिँढीका लागि पनि छोड्नेछ । जलमाफिया र क्रसर उद्योग

जस्ताबाट हुने नेपालको जल, चुरे, नदीनाला र प्रकृतिको दोहनलाई न्यून वा बन्द गर्न मद्दत गर्नेछ ।

### ३.२.४ सामुदायिक सहभागिता

साझा/सामुदायिक स्रोत (Common-pool resources) र समाजसेवामा निजीक्षेत्र र राज्य असफल भएका छन् वा कमजोर उपस्थिति रहेको छ । साथै, आर्थिक उन्नति र नागरिकहरूको माग तथा आवश्यकताहरू परिपूर्ति गर्न निजी क्षेत्र/बजार र राज्यले मात्र महत्त्वपूर्ण भूमिका खेल्दैनन्; त्यसमा समाजको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । निजीक्षेत्रले मजदुर, किसान आदिको चाहना र आकाङ्क्षाबारे ध्यान नदिने मात्र होइन; राज्यलाई विभिन्न तरिकाले प्रभावमा पारी नीति निर्माण नै पुँजीपतिको हितमा गर्न सक्दछन् । त्यस्तो नाजायज प्रभाव हटाउन या घटाउन मजदुर र किसान आदि सङ्गठित हुन जरुरी छ ।

सामुदायिक सहभागितामार्फत सर्वसाधारणले साझा/सामुदायिक स्रोत-साधनको व्यवस्थापन, केही आवश्यकताहरूको पूर्ति, अर्थतन्त्रलाई टेवा, समाज सेवा, गरिब, किसान तथा

मजदुरको हक-अधिकारको पैरवी र रक्षा तथा आन्दोलनमार्फत राज्य र समाजको रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । सामुदायिक सहभागितामार्फत नागरिकहरूले तीन तरिकाले भूमिका निर्वाह गर्न सक्दछन्ः

(क) हक-अधिकारको बढावा, पैरवी र रक्षा
(ख) सेवा प्रदान
(ग) स्रोत-साधनको व्यवस्थापन

सामुदायिक र नागरिक संघ-संस्थाहरूलाई उचित भूमिका र अधिकार दिइनेछ । नेपालको सन्दर्भमा सामुदायिक सहभागिताको दुईवटा बाटा रहेका छन् । पहिलो, परम्परागत प्रथाजन्य कानुन तथा संस्कारमा आधारित गतिविधिहरू । दोस्रो, नवनिर्मित सामुदायिक संघ, सङ्गठन, सञ्जालहरू र तिनका गतिविधिहरू ।

स्रोत-साधनको व्यवस्थापनबारे एउटा उदाहरणबाट चर्चा शुरु गरेमा निजीक्षेत्र र राज्यले सम्हाल्न नसकेको क्षेत्र कसरी विशेष प्रकारको स्थानीय सहभागिता (स्वशासित संस्था/Self-governing institutions) ले सुदृढ गर्दछ भन्ने कुरा प्रष्ट

हुन्छ। नेपालमा भएको वन जङ्गलको राष्ट्रियकरणले सामुदायिक क्षेत्रको महत्त्वमात्र प्रष्ट पार्दैन, राज्यको औपनिवेशिक नीति पनि उजागर गर्दछ । वि.सं. २०१३ सालमा वन-जङ्गलको राष्ट्रियकरण पश्चात वन फँडानी बढ्यो र वनको क्षेत्रफल चिन्ताजनक रूपमा घट्यो । निजी क्षेत्रलाई वन जिम्मा दिएको भए झन नाफाखोरहरूले छोटो समयमै सखापै पार्न सक्दथे । आदिवासीहरू र अन्य समुदायको नियन्त्रणमा रहेको वन जङ्गल राज्यले राष्ट्रियकरण गरेको थियो । माथिको घटनाक्रमले दुई कुरा देखाउँछः

(क) राज्यले वन-जङ्गलजस्ता स्रोत-साधनको सुरक्षा गर्न सक्दैन । राज्यको हस्तक्षेपले समुदायबाट सुरक्षित रहेको वन-जङ्गलमा सङ्कट उत्पन्न गर्यो । यसबाट राज्यको सीमितता, कमजोरी र अकर्मण्यता छर्लङ्ग भयो ।

(ख) आदिवासीहरू र अन्य समुदायको नियन्त्रणमा रहेको बेला वन-जङ्गल सुरक्षित थियो ।

राष्ट्रियकरण गरेपश्चात वन-जङ्गलको द्रुतत्तर फँडानी भएको केही दशकपछि सामुदायिक उपभोक्ता समूह बनाएर र तिनलाई

व्यवस्थापन, रुखपात उपयोग र उपयोगकर्ताको छिनोफानो जस्ता महत्त्वपूर्ण अधिकार दिएपछि वनजङ्गल पुनर्जागृत भएर आयो । यसले सामुदायिक सहभागिता नागरिकको कल्याणका लागि मात्र होइन; देशको दिगो विकासका लागि पनि महत्त्वपूर्ण हुन्छ भन्ने कुरा पुनः पुष्टि गर्दछ ।

यहाँ ख्याल गर्नुपर्ने एउटा महत्त्वपूर्ण सवाल र तथ्य चाहिँ के हो भने राज्यले जोबाट वन-जङ्गल लिएको थियो, उसलाई फर्काएन । कतिपय सामुदायिक वनहरू अहिलेका शासक जातिको नेतृत्व वा अधीनमा रहेका छन् । यसले वन-जङ्गलजस्ता स्रोत-साधनहरू राज्यको नीतिमार्फत कसरी आदिवासी र अन्य समुदायबाट खोसेर शासक जातिको नियन्त्रणमा पुऱ्याइयो भन्ने पाटो छर्लङ्ग पार्दछ । त्यसैले, राज्यको भूमिकाको चर्चा गर्दा राज्य कुन वर्गको नियन्त्रणमा छ भन्नेमात्र होइन, कुन जातिको नियन्त्रणमा छ भन्ने कुरा पनि हेक्का राख्नुपर्दछ ।

सामुदायिक सहभागिताको चर्चा गर्दा स्थानीय सरकारभन्दा मुनि, माथि र समानान्तर रहने गरी तथा प्रादेशिक र संघीयस्तरमा

पनि समानान्तर स्वेच्छिक नागरिक/जातीय समाज, संघ संस्थाहरू सक्रिय रहन्छन् । कुनैको अन्तर्राष्ट्रिय स्वेच्छिक सङ्गठन, सञ्जाल आदिसँग सर्म्पक र सम्बन्ध रहेको हुन्छ । देशभरि फैलिएका सामाजिक र आदिवासीका साथै जातीय सङ्गठनहरू संघीयस्तरका स्वेच्छिक सङ्गठनहरू हुन् भने टोलस्तरीय क्लबहरू स्थानीय तहका स्वेच्छिक सङ्गठन हुन् ।

विशेषगरी, बजार अर्थतन्त्र र राज्यले ध्यान नदिएका र नपुगेका क्षेत्रमा सामुदायिक तथा सहभागितामूलक र गैर-सरकारी संघ-संस्थाहरूलाई काम गर्न प्रोत्साहन गरी नागरिकका हक, अधिकारको पैरवी गर्ने तथा भौतिक आवश्यकता र अन्य सवालहरूलाई सम्बोधन गर्ने तथा विकासका कार्यमा पनि टेवा दिने वातावरणको व्यवस्था गरिनेछ । राज्य वा गैर-सरकारी क्षेत्रको लगानीमा हुने विकासका गतिविधिमा सहभागितामूलक विधि (Participatory development) प्रोत्साहन गरिने र स्थानीय तहहरूमा सहभागितामूलक बजेट (Participatory budgeting) लागू गर्ने व्यवस्था गरिनेछ। सहकारीलाई उचित नियमन गरी सामुदायिक पुँजी र अन्य स्रोत साधनबाट ग्रामिण साथै अन्य क्षेत्रका नागरिकहरूलाई लाभ दिलाइने छ ।

### ३.२.५ लोकतान्त्रिक कर्पोरेटिजम

सहभागिताको उच्च रूप मजदुर, किसान आदिको सङ्गठन निर्माण र तिनलाई राज्यले महत्त्वपूर्ण आर्थिक नीति बनाउँदा सहभागी गराउनु हो । मजदुर, किसान र अन्य आर्थिक रूपमा कमजोर वर्गको हित र कल्याणका लागि देशमा बन्ने प्रमुख आर्थिक नीतिहरू (जस्तै न्यूनतम ज्याला, करको दर, हप्तामा कति घण्टा काम गर्ने, स्वास्थ्य तथा शिक्षामा राज्यको लगानी आदि) बनाउदा लोकतान्त्रिक कर्पोरेटिजम (Democratic corporatism) अन्तर्गत राज्यले मजदुर युनियन, उद्यमीहरूको चेम्बर अफ् कमर्श आदिको प्रतिनिधिहरूसँग बसेर प्रमुख आर्थिक नीतिबारे छलफल र वार्ता गर्दै संयुक्त निर्णय लिनेछ । पछिल्लो समय पर्यावरणीय सङ्गठनहरूको सहभागिता गराइने प्रचलन बढेको छ । यसरी, मजदुर र किसानहरूको आवाज र आवश्यकताको सुनुवाइ र सम्बोधन हुन्छ । यो पद्धति अमेरिकाजस्तो पुँजीवादी मुलुकमा रहेको जुन स्वार्थ समूहले सक्दछ, उसले जित्ने चलन (Interest group lobbying) भन्दा बिल्कुल फरक संरचना हो ।

बहुसांस्कृतिक समाजमा विभिन्न समुदायका प्रतिनिधिहरूलाई पनि देशको मूलभूत आर्थिक नीति तय गर्दा सहभागी गराइनु पर्दछ । सानाठूला र विभिन्न भौगोलिक क्षेत्रका आदिवासी जनजाति, दलित-शिल्पी, मधेसी र अन्य समुदायका संस्थागत प्रतिनिधिहरू सहभागी गराइनु पर्दछ ।

अमेरिकाजस्तो विश्वको सबैभन्दा पुँजीवादी देशमा करिब २.५ करोड नागरिक स्वास्थ्य सेवाविहीन छन् भने धेरै साम्यवादी देशहरू त आर्थिक भार थेग्न नसकेर कि त विघटन भए या त आर्थिक प्रणाली नै परिवर्तन गर्न बाध्य भए । समाजवादी भनेर प्रस्तुत हुने एक दलीय देशहरूले पनि राज्यले मात्र उत्पादन र वितरण गर्नुपर्छ भन्ने जडसुत्रवादी आर्थिक नीति छाडिसके र बजार अर्थतन्त्र लागू गरे । तर, लोकतान्त्रिक अभ्यास र प्रतिस्पर्धात्मक बजार अर्थतन्त्रको मर्म र ज्ञानको अभावमा ती देशमा अनियन्त्रित वा राजनीतिक नेतृत्व केन्द्रित क्रोनी र सेटिङ् पुँजीवाद फस्टायो; जसबाट आम नागरिकले होइन कि सीमित परिवारहरूले बढी फाइदा पाएका छन् ।

यसरी विशुद्ध पुँजीवाद, साम्यवाद र एकदलीय समाजवाद असफल भइसकेको विश्वको इतिहास र वर्तमान अवस्थाले

प्रष्ट देखाइसकेको छ । त्यसैले, स्वदेशमै रोजगार र समृद्धिका साथसाथै सामाजिक न्याय, मजदुर तथा साना किसानको उद्धारसहितको वर्गीय मुक्ति र सबै नेपालीको आर्थिक कल्याण सहभागितामूलक समाजवादी लोकतान्त्रिक विचारधाराबाट मात्र सम्भव छ । नेपालको वर्तमान यथार्थ धरातलमा बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतन्त्र उपयुक्त बाटो हो । यो बाटो घोर दक्षिणपन्थी पनि होइन, घोर वामपंन्थी पनि होइन । दुवैको काम गर्ने सही पक्षहरू समेटिएको बीच (सामान्यतया बायाँ झुकाव) तिरको बाटो हो ।

### ३.२.६ पूर्णसमानुपातिक समाजवादी निर्वाचन प्रणाली

समाजवादी निर्वाचन प्रणाली स्थापनाका लागि वर्तमान निर्वाचन प्रणालीमा व्यापक परिवर्तन जरुरी छ । निर्वाचन प्रणालीलाई जवाफदेही, समानुपातिक र कम खर्चालु बनाउनु पर्दछ । निर्वाचन आयोगलाई स्वतन्त्र र सशक्त बनाएमा अत्यधिक पैसाको भूमिका घटाउन सम्भव छ ।

### ३.२.६.१ **दलगत समानुपातिक निर्वाचन प्रणाली**

मोर्चाले क्षतिपूर्तिसहितको निर्वाचन प्रणालीलाई अगाडि सारेको छ । यसले जवाफदेहीता र समानुपातिक प्रतिनिधित्व दुवैको प्रत्याभूति गर्दछ । यस प्रणालीमा लगभग आधाजति सीट प्रत्यक्ष निर्वाचन प्रणाली र बाँकी सीट समानुपातिकबाट चुनिन्छ । यस प्रणालीमा प्रत्यक्ष निर्वाचनमा पाएको भोट प्रतिशतभन्दा बढी सीट जित्ने ठुला दललाई समानुपातिक सीट वितरण गर्दा थोरै र प्रत्यक्षमा पाएको मतभन्दा कम सीट जित्ने साना दललाई समानुपातिकमा बढी सीट वितरण गरेर अन्तिम नतिजामा दलहरूले पाएको मत प्रतिशत अनुसार सीट दिलाइन्छ ।

**तालिका १**. उदाहरणार्थ २०० प्रतिनिधि संसदमा क्षतिपूर्तिसहितको पूर्णसमानुपातिक निर्वाचन प्रणाली

| पाएको मत प्रतिशत | १०० प्रत्यक्ष सीट वितरण, प्रवल सम्भावना | क्षतिपूर्तिसहित १०० समानुपातिक सीट वितरण | २०० सीट वितरणको अन्तिम नतिजा (प्रतिशत) |
|---|---|---|---|
| ४० | ६० | २० | ८० (४०) |
| ३० | २५ | ३५ | ६० (३०) |
| २० | १० | ३० | ४० (२०) |
| १० | ५ | १५ | २० (१०) |

प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन विधिमा महिला, किसान, मजदुर र व्यापारी/व्यवसायी आदिको समानुपातिक रूपले निर्वाचित हुने व्यवस्था मिलाउनु पर्दछ । यहाँ के प्रष्ट पार्न जरुरत छ भने समानुपातिक प्रतिनिधित्व आवश्यकता हो तर समानुपातिकभित्र समानुपातिकता (दलहरूले पाएको समानुपातिक सीटहरू समुदायहरूको बीच समानुपातिक रूपमा वितरण) सहवरण हो । दलहरूले आन्तरिक नीति आफैले तर्जुमा गरी आफ्नो भागमा परेको समानुपातिक सीटहरू कसरी वितरण गर्ने भन्नेबारे टुङ्गो लागाउनु उचित हो । यो औपचारिक कानुनले गर्ने होइन । तथापि, यो देशका १२ प्रतिशत एकलजात वा जातिवादी शासक जातहरूको १२ प्रतिशत नै आरक्षणको सुनिश्चितताका लागि उचित निर्वाचनको मोडेल थप छलफल र बहसबाट टुङ्गोमा पुर्‍याइनेछ । तथापि, लैङ्गिक सवालमा समानुपातिकभित्र समानुपातिकता कानुनमार्फत नै व्यवस्था हुन जरुरी छ; किनकि लैङ्गिक समूह जातजाति जस्तै अलग्गै समुदाय होइन ।

प्रधानमन्त्री, राष्ट्रपति, सभामुख र राष्ट्रियसभा अध्यक्ष सामुदायिक चक्रिय प्रणालीबाट चार फरक समूहः खसआर्य,

दलित/शिल्पी, मधेशी-मुश्लिम र आदिवासी जनजातिबाट निर्वाचित गरिनुपर्दछ। तीमध्ये आधा महिला हुनुपर्छ। प्रधानमन्त्री पाउने समुदायलाई कुनै उपपद दिइनु हुँदैन । प्रधानमन्त्री पाउने लिङ्गलाई एउटामात्र उपपद दिइनुपर्छ । पहिलो चरणमा प्रधानमन्त्रीको निर्वाचन गरिनेछ र दोस्रो चरणमा राष्ट्रपतिको निर्वाचन गर्दा प्रधानमन्त्री जितेको समुदाय र लिङ्गले उम्मेदवार बन्न पाउने छैन। एवम् रितले अन्य पदहरू निर्वाचित गरिनेछ। यसरी नै देशमा स्थानीय तहको कार्यकारी प्रमुखको निर्वाचनमा लैङ्गिक चक्रप्रणाली अख्तियार गरिनु पर्दछ।

### ३.२.६.२ वर्ग, लिङ्ग, जातजातिगत समानुपातिक प्रणाली

राणा शासन विरोधी आन्दोलनदेखि गणतन्त्रको आन्दोलनसम्म उत्पादक शक्तिको हैसियतमा मजदुर-किसान श्रमिक वर्गको प्रमुख भूमिका रहेको हो । तर, मजदुर-किसानको हैसियतमा उनीहरूको राजनीतिक स्थान भने शून्य रह्यो। परिणामस्वरूप, देश दलाल पुँजीवादीकरण भएको छ; वैदेशिक रोजगारतर्फ पलायनको बाढी चलेको छ । अतः बहुदलीय प्रणालीमा बहुवर्गीय प्रणाली विकास गरी मजदुर, किसान र पुँजीपति

जनसङ्ख्याको पूर्णसमानुपातिक वर्गीय प्रतिनिधित्वको निर्वाचन सुनिश्चित गर्नु समाजवादी लोकतन्त्रको प्राथमिकता रहनेछ । यसले सापेक्षित वर्ग अन्तर्विरोध पनि हल गर्दछ ।

त्यसैगरी, महिलाको ३३ प्रतिशत स्थानलाई ५० प्रतिशतमा पुर्याउँदै महिला र पुरुष जनसङ्ख्याको पूर्णसमानुपातिक प्रतिनिधित्वको निर्वाचन सुनिश्चित गर्नुपर्दछ । यसले लैङ्गिक अन्तरविरोध हल गर्दछ । तेस्रो लिङ्गी र फरक रूपमा सक्षम समूहको समतामूलक प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ ।

वर्गीय र लैङ्गिक प्रतिनिधित्वको सुनिश्चितता अन्तर्गत जातजातिगत जनसङ्ख्याको पूर्ण समानुपातिक प्रतिनिधित्वले जातजातीय अन्तरविरोध हल गर्दछ । यद्यपि, जातजातिगत समानुपातिक प्रणालीको हकमा निश्चित अवधिमा संवैधानिक पुनरावलोकन गरी समाजको अर्थराजनीतिक विकास प्रक्रियालाई प्रगतिशील मार्गप्रशस्त गरिनेछ ।

उपरोक्त समाजवादी निर्वाचन प्रणालीको नवीन व्यवस्थाले संविधानमा व्यक्त समाजवाद उन्मुख राज्य (जुन मुख्यतः नेपाल पढ्ने सिद्धान्तमा विकसित नेपाली किसिमको समाजवाद हुनेछ) को व्यावहारिक अभ्यास प्रारम्भ गर्दछ ।

# ४. राजनीतिक कार्यनीति

एकलजातीय राज्यलाई बहुसांस्कृतिक राज्यमा रूपान्तरण गर्दै समृद्ध मुलुक निर्माणको बाटो तय गर्ने र यसका लागि आवश्यक भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र सुशासन, लैङ्गिक समानता, जात व्यवस्थाको अन्त्य, पहिचानमा आधारित अधिकार सम्पन्न न्युनतम् १०+१ प्रदेशको सुनिश्चितता लगायतका लागि सशक्त आन्दोलन हाम्रो प्रमुख कार्यदिशा हो । सहभागितामूलक समाजवादी लोकतन्त्रको सामरिक कार्यदिशा शान्तिपूर्ण सडक आन्दोलन हुँदै निर्वाचन उपयोगको कार्यनीति र जनविद्रोहको रणनीतिमा आधारित रहने छ। पहिचानसहितको सहभागितामूलक समाजवाद र लोकतन्त्रका लागि अग्रगामी संविधान पुनर्लेखन, संविधान पुनर्लेखनका लागि तेस्रो जनआन्दोलन र सार्वभौम राजनीतिक शक्ति निर्माणको राजनीतिक तथा कार्यनीतिक नारा हुनेछ ।

## ४.१ रूपान्तरणका लागि आन्दोलन

नेपाललाई बहुसांस्कृतिक राज्य बनाउन न्यूनतम १०+१ प्रदेशसहितको अधिकार सम्पन्न संघीयता र पूर्णसमानुपातिक

निर्वाचन प्रणालीको स्थापना तथा न्यायालय, कर्मचारीतन्त्र, सुरक्षा क्षेत्र, कुटनीतिक क्षेत्र, संवैधानिक आयोगहरूलाई पूर्णसमानुपातिक, व्यावसायिक र जवाफदेही बनाउन राज्यका ती अङ्गको व्यापक रूपान्तरण जरुरत छ । यस्ता ठुला रूपान्तरणहरू आन्दोलनबाट मात्र सम्भव छ । त्यसैले, मोर्चा तेस्रो जनआन्दोलनको तयारीमा जुट्ने छ ।

समाजमा जरा गाडेर बसेको जातव्यवस्था, लैङ्गिक, जातीय र सांस्कृतिक पूर्वाग्रहमा आधारित कुरीतिहरू कानुन बनाउदैमा अन्त्य हुदैनन् । जरा गाडिएका कुरीतिहरू जनजागरण र सामाजिक आन्दोलनबाट मात्र कम र अन्त्य गर्न सम्भव छ । छुवाछुत र जात व्यवस्थाविरुद्ध, जातीय, सांस्कृतिक, लैङ्गिक पूर्वाग्रह र अन्याय विरुद्ध आन्दोलनको मोर्चाले नेतृत्व गर्नेछ वा सहभागिता जनाउने छ ।  अन्य आर्थिक, सामाजिक अन्याय र असमानता विरुद्धका आन्दोलनलाई मोर्चाले समर्थन गर्दै आवश्यकता अनुसार नेतृत्व र सहभागिता जनाउने छ । त्यस्तै, भ्रष्टाचार र अख्तियार दुरुपयोगबाट सत्तासिनहरूले फाइदा पाउने भएकाले उनीहरूले प्रभावकारी ऐन, नीति र कार्यक्रम ल्याउने सम्भावना ज्यादै कम छ । यसका लागि आन्दोलन लगायत विभिन्न माध्यमबाट बारम्बार दबाब दिइरहनु पर्दछ ।

## ४.२ भ्रष्टाचारको विरोध तथा नियन्त्रण र सुशासन

व्यापक भ्रष्टाचारले नागरिकहरूको जीवन कष्टकर मात्र बनाएको छैन, देशको ऋण बढाएको छ । उद्यमशीलतालाई निरुत्साहित गरेको छ । देशलाई गरिबीमा डुबाइरहेको छ । विधिको शासन स्थापना भएका देशहरूमा मात्र समृद्धि हुने भएकाले समृद्धिका लागि पनि भ्रष्टाचार, सेटिङ, अख्तियार दुरुपयोग र मनपरीतन्त्रको नियन्त्रण गर्नुपर्दछ । सबै प्रकारका भ्रष्टाचार अन्त्य गर्नका लागि पारदर्शिता र जवाफदेहिता स्थापित गर्न मोर्चा लागी पर्नेछ ।

संस्थागत र नीतिगत भ्रष्टाचार गर्न सहज गर्ने जुनसुकै प्रावधानहरू कानुनबाट हटाउनु पर्दछ । प्रधानमन्त्रीलाई पनि अनुसन्धान गर्न र कारवाही गर्नसक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिई आयुक्त र कर्मचारी नियुक्ति दलीय र कार्यकारी प्रभावबाट मुक्त गरी स्वतन्त्र र सक्षम व्यक्तिहरूलाई नियुक्त गर्ने बाध्यात्मक प्रावधान राखिनेछ । साथै, निर्धारित बजेटमार्फत दलीय र कार्यकारी प्रभाव हटाई अख्तियारलाई स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण सृजना गर्नुपर्दछ । स्वतन्त्र र सशक्त आयोगहरूले तेर्सो जवाफदेहितालाई (Horizontal

accountability; निर्वाचनले ठाडो जवाफदेहीता या Vertical accountability दिलाउछ भन्ने मान्यता छ) सबल बनाउँछ; जुन लोकतन्त्र सदृढीकरणका लागि महत्त्वपूर्ण छ ।

अख्तियारजस्तै अन्य संवैधानिक आयोगहरू (निर्वाचन आयोग, मानवअधिकार आयोग आदि) पनि दलीय प्रभावबाट मुक्त गरी स्वतन्त्र बनाउनु पर्दछ । त्यसका लागि आयोगहरूमा आयुक्त एवम् कर्मचारी नियुक्ति, बजेट तर्जुमा र निकासमा दलीय र कार्यकारीको प्रभावबाट मुक्त हुने व्यवस्था गरिनु पर्दछ । संवैधानिक परिषदमा ठूला दलको प्रभाव घटाउन संसदमा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधिहरू र प्रतिनिधिमूलक निर्वाचित नागरिक समाजका चारजना (दलित/शिल्पी, आदिवासी जनजाति, मधेशी, खस-आर्य; आधा पुरुष, आधा महिला) संवैधानिक परिषदमा सामेल गराइनु पर्दछ । संसदीय निर्वाचन भएको बेला देशभरबाट ती चारजना संवैधानिक परिषद सदस्यको निर्वाचन गर्न सकिनेछ ।

दलका नेतृत्वसँग सुमधुर सम्बन्ध रहेका पूर्व प्रशासकहरूले संवैधानिक आयोगमा नियुक्ति पाउने गरेको र तिनले स्वतन्त्र

रूपले काम गर्ने परिकल्पना गरिएको संवैधानिक आयोगहरूलाई निकम्मा र पक्षपाती बनाएको छ। उदाहरणका लागि, विशेषगरी शीर्षस्थ नेतृत्व र तिनको परिवार र आसेपासेले गरेको भ्रष्टाचार र अख्तियार दुरुपयोगको ढाकछोप गर्ने तथा निर्वाचनसँग सम्बन्धित सवालमा नाजायज तरिकाले आयुक्तहरूले घरीघरी पक्षपात गरेको भेटिएको छ । त्यसैले पूर्व प्रशासकहरूलाई संवैधानिक आयोगहरूमा नियुक्ति बन्देज लगाउनु पर्दछ या विशेष परिस्थितिमा मात्र न्यूनतम सङ्ख्यामा नियुक्ति गर्न सकिने व्यवस्था गर्नुपर्दछ। यसले प्रशासनमा रहँदा राजनीतिक नेतृत्वलाई भविष्यको नियुक्तिका लागि कानुनबाहिर गएर भए पनि रिझाउने प्रवृत्ति निरुत्साहित हुनेछ।

## ४.३ सम्पूर्ण साझेदारीमा स्वाधीन र समृद्ध नेपाल निर्माण

बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतान्त्रिक विचारधाराले गरिबीका कारणहरू हटाई देशलाई समृद्धिको बाटोमा डोऱ्याउनेछ। संविधानमा व्यक्त बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुकको वास्तविक प्रकृतिमा संघीयता कार्यान्वयन, समाजवादी लोकतान्त्रिक निर्वाचन प्रणाली तथा

शिक्षा, स्वास्थ्य, रोजगारीलाई बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतान्त्रिक राज्यको दायित्वमा उठाउने देशव्यापी राजनीतिक अन्दोलनले सम्पूर्ण साझेदारहरूको स्वाधीन र समृद्ध नेपाल निर्माण गरिनेछ । यसका लागि निम्न उपायहरूमार्फत देशको समृद्धिको कार्यदिशा तय गरिएको छः

### ४.३.१ मानव संसाधनको विकास तथा श्रम संस्कृतिमा आधारित शिक्षा

एकलजातीय राज्यसत्ताका नीतिहरू गरिबीको एउटा प्रमुख कारक हो । उदाहरणका लागि, एकलभाषिक शैक्षिक नीतिले गैर-खस-नेपाली मातृभाषीलाई शिक्षाबाट कि त वञ्चित गरायो या त चुनौतीपूर्ण बनाउदै सम्भाव्य क्षमता अभिवृद्धिबाट छेक्यो र नागरिकहरू जति क्षमतावान हुन सक्दथे, त्यति हुन दिएन । आफ्नै नागरिकहरूलाई कम क्षमतावान बनाएपछि उनीहरूले देश विकासमा कमैमात्र योगदान गर्ने भए । लगभग दुई-तिहाई जनसङ्ख्याले कम योगदान गरेपछि देश कसरी समृद्ध हुन्छ ?

बहुसांस्कृतिकवादको बहुभाषिक नीतिले सबै समुदायका सदस्यहरूको सशक्तीकरण र क्षमता वृद्धिले मानव संसाधनको

विकास भई देशको समृद्धिको एउटा प्रमुख आधार निर्माण हुन्छ । पछिल्लो समयमा पूर्वी एशियाली देशहरूको द्रुततत्तर आर्थिक उन्नतिको आधार मानव संसाधन रहेको थियो । जापान, दक्षिण कोरिया, ताइवान र स्विट्जरल्याण्ड जस्ता देशहरू उल्लेखनीय प्राकृतिक स्रोत-साधन सम्पन्न थिएनन् । तर, शिक्षित तथा मानव संसाधन सम्पन्न समाज थिए । उच्च मानव संसाधनले उचित नीति अवलम्बन गरी सबै शिक्षित र सक्षम नागरिकहरूको उच्चतम क्षमता प्रयोग गर्दै बढीभन्दा बढी योगदान दिएपछि ती देशहरू समृद्ध बनेका हुन् । यस्तै नीतिको अनुसरण नेपालमा गर्न बहुसंस्कृतिवादले आधार दिन्छ ।

नेपालको घोकन्ते शिक्षा नीति र वर्णव्यवस्थाले श्रमको अवमूल्यनमात्र गरेको होइन, देश विकासमा बाधा पनि गरेको छ । श्रमको सम्मान गर्ने संस्कृतिको विकास नगरी उद्यमशीलताले उचित सम्मान पाउँदैन र देश विकास हुँदैन । आलोचनात्मक सोचाइको विकास तथा श्रमको सम्मान गर्ने शिक्षा र संस्कारको विकास गरिनेछ । सार्वजनिक शिक्षा प्रणालीमा लगानी बढाई माथि उल्लेखित सुधारहरू गर्नुपर्दछ । सूचना प्रविधि (आईटी) र कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रोत्साहन गर्न विज्ञान तथा गणित आदि शिक्षामा जोड दिइनेछ । यसका

लागि मोर्चाले राजनीतिक तहमा पहलकदमी लिएर कार्य सम्पन्न गर्नेछ ।

### ४.३.२ अधिकार सम्पन्न संघीयता, पुँजी तथा स्रोत–साधनको चुस्त र प्रभावकारी प्रयोग

अधिकार सम्पन्न पहिचानमा आधारित संघीयताले प्रतिस्पर्धामार्फत देशमा उपलब्ध पुँजी, स्रोत र साधनको चुस्त र प्रभावकारी प्रयोग गरी आर्थिक उन्नतिमा टेवा दिन्छ भन्ने तथ्य बजार संरक्षण गर्ने संघीयताको (Market-preserving federalism) सिद्धान्तले स्थापना गरेको छ। लगानी आकर्षण गर्न प्रदेशहरूले प्रतिस्पर्धा गर्नुपर्दछ । त्यसका लागि पूर्वाधार, शिक्षाको विकास, विधिको शासन स्थापना आदि गर्नुपर्दछ । यसरी प्रतिस्पर्धाले सबै प्रदेशको विकास गर्दछ। साथै, देशमा रहेको पुँजी बढी प्रतिफल आउने प्रदेशहरूमा लगानी हुने भएकाले उपलब्ध पुँजीबाट देशले बढी प्रतिफल पाउँदछ । सात प्रादेशिक संघीयता भन्दा १०+१ को पहिचानमा आधारित संघीयताले बढी प्रतिस्पर्धाको वातावरण सृजना गर्नेछ ।

पहिचानमा आधारित प्रदेशका आवश्यकताहरू कतिपय

सवालमा एउटै हुने भएकाले सेवा सुविधा थोरै खर्चमा चुस्तताका साथ (Supply side efficiency) उपलब्ध गराउन सकिन्छ । साथै, अधिकार सम्पन्न प्रान्तहरूलाई अरूको दाँजोमा आफ्नो प्रदेशको क्षमता, विशेषता र कमजोरीहरू थाहा हुन्छ र त्यसै मुताबिक नीति बनाई आफ्नो तुलनात्मक फाइदा हुने क्षेत्र विकास गर्न सक्दछन् । उदाहरणका लागि अमेरिकाको लगभग ९०% मरुभूमि क्षेत्र भएको नेभेडा प्रदेशले होटेल व्यवसाय र मनोरञ्जन (जहाँ जुवाघर खेल्ने अनुमति पनि दिएको थियो; आदिवासीको जग्गामा बाहेक अन्य प्रदेशहरूमा यसरी जुवाघर खोल्न पाइँदैन) पर्यटनको राजधानी लस भेगस (Las Vegas) सन् १९०५ मा स्थापना गरेर आफ्नो अर्थतन्त्र सुदृढ गरेको छ । उक्त शहर संसारकै बढी भ्रमण गरिने शहरमध्ये एक हो ।

### ४.३.३ कृषि क्रान्ति

नेपालको समृद्धिका लागि कृषिमा क्रान्ति ल्याउन जरुरी छ । अध्येताहरूका अनुसार कि त अगाडि कि सँगसँगै कृषि क्रान्ति नभई कुनै पनि देशमा औद्योगिक क्रान्ति भएको छैन । कृषि क्रान्तिको लागि बहुसङ्ख्यक रूपमा रहेका साना किसानहरूलाई आवश्यकता अनुसार सहुलियत ऋण, स्रोत, साधन र सामग्री तथा माग अनुसार उचित परामर्श सेवा (Demand driven services) एवम् उपयुक्त प्रविधि राज्यले विभिन्न माध्यमहरू (निजी, सहकारी, सहभागितामूलक वा राज्यको संलग्नतामा) बाट उपलब्ध गराउनु पर्दछ। तसर्थ, कृषिक्षेत्रमा भएको लगानी साना किसानसम्म पुग्ने नीति अवलम्बन गरिनेछ । सहभागितामूलक तरिकाबाट कृषिऋण आदि वितरण गर्ने व्यवस्था गरिएमा साना किसानसम्म पनि सेवा पुग्ने धेरै सम्भावना रहन्छ । कृषि उत्पादनका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उचित बजारको खोजी र व्यवस्था गरिनेछ । साथै, नगदेबाली र औषधिजन्य बाली आदिको खेती प्रवर्द्धन र विकास गरिनेछ । कृषक वर्गको राजनीतिक प्रतिनिधित्वको व्यवस्थाले त्यसतर्फ स्वतः ठोस कदम उठाउनेछ ।

### ४.३.४ रोजगारी र उद्यमशीलताको विकास

देशमा द्रुत समृद्धिको लागि रोजगारी र उद्यमशीलताको विकास गरिनेछ । त्यसका लागि व्यावहारिक र सीपमूलक शिक्षानीति विस्तार गर्न जरुरी हुन्छ । अनौपचारिक क्षेत्रलाई सहयोग, बढावा र व्यवस्थापन गर्न जरुरी हुन्छ। घरेलु उद्यमलाई मान्यता र प्राथमिकता दिन जरुरी छ । विभिन्न समुदायहरूमा रहेका परम्परागत ज्ञान, सीप, प्रविधिमा आधारित सांस्कृतिक उद्यमको प्रवर्द्धन गरी स्वरोजगार सृजना, रैथाने उत्पादन र अर्थतन्त्रको विकास गरिनुपर्दछ। जस्तै, घरेलु मदिरालाई ब्राण्डिङ गरी विश्व बजारमा लैजानु पर्दछ । त्यस्तै, अन्य रैथाने ज्ञानमा आधारित उद्यमहरू (मर्चा, तान बुनाई, याङ्ब्रेन, हातेकागज, माटो, हड्डी, बाँस तथा काठका सामान आदि) को बढावा र विस्तार गर्न जरुरत छ । यस्ता सम्भावना बोकेका उद्यमहरू एकलजातीय राज्यको कि त प्राथमिकतामा परेनन् या त निरुत्साहित नै गरिएको थियो । बहुसंस्कृतिवादले यी सबै कार्यको सशक्त पहलकदमी गर्न बाटो खोल्नका साथै प्रोत्साहन गर्दछ ।

### ४.३.५ सांस्कृतिक तथा इको टुरिजमको विकास

परम्परागत पर्यटनसहित देशको विविध भूगोल, संस्कृति, धर्म, वन्यजन्तु र जैविक विविधताको आकर्षणलाई प्रकाश पार्ने पर्यावरणीय पर्यटनको विकास गरिनेछ । यस्तो पर्यटनको गतिविधिबाट हुने फाइदा स्थानीय क्षेत्रको आर्थिक विकासमा लगानी गर्ने नीति अपनाइने छ । पर्वतारोहण शुल्कहरू स्थानीय क्षेत्रमा फर्काउने नीति अपनाइने छ ।

### ४.३.६ बसाइ सराई, व्यवस्थित सहरीकरण र गाउँको विकास

सहरीकरण योजनावद्ध र व्यवस्थित गरिनेछ । बसाई सराई कम गर्नका लागि गाउँबस्तीको विकास गरिनेछ । गाउँबस्तीमा स्थानीय बजार र सेवाकेन्द्रहरू स्थापना गरिनेछ । जहाँ स्वास्थ्य, शिक्षा, सुरक्षा, बैंकिङ् आदि सेवाको व्यवस्थासहित स्थानीय उत्पादनहरू र आयातित आवश्यकताको बजार स्थापना गरिनेछ । अधिकार सम्पन्न संघीयता र स्थानीय निकायहरू भएमा गाउँबस्ती र प्रदेशको विकास हुनेछ ।

# ५. सार्वभौम राष्ट्रिय शक्ति निर्माण प्रक्रिया

पहिचानको आन्दोलन विस्तार भएको छ तर पहिचानवादी शक्तिहरू छरिएर रहेको अवस्था छ। सहमत शक्तिहरूबीच एकता गर्दै छरिएका शक्तिहरूबीच मोर्चाबन्दी (आन्दोलन र चुनावी मोर्चाबन्दी) मार्फत एकीकृत पहिचानवादी राष्ट्रिय शक्ति निर्माण गर्ने लक्ष्य रहेको छ। यसका लागि मोर्चा दुई प्रकारले अगाडि बढ्नेछः (क) आन्दोलन, र (ख) निर्वाचन। ठूला परिवर्तनहरू हासिल गर्न, जरा गाडिएका कुरीतिहरू हटाउन, शक्ति र फरक ढङ्गको दल निर्माण र विस्तारको लागि आन्दोलनको बाटो लिइनेछ। साथै, सङ्गठन निर्माण, शक्ति सञ्चय र विस्तारका लागि निर्वाचनमा सहभागी हुने बाटो अवलम्बन गरिनेछ। निरन्तर मोर्चाबन्दी, आन्दोलन र निर्वाचनमा सहभागिताले चाडो रूपान्तरण र शक्ति निर्माण हुन्छ।

## ५.१ आन्दोलनका लागि मोर्चा

पहिलो चरणमा स्वतन्त्र र विभिन्न दल र सङ्गठनमा आवद्ध पहिचानवादीहरूलाई मोर्चाबन्दी गरिनेछ। पहिचान प्राप्तिको आन्दोलन र अन्य गतिविधिमा सरिक होइनेछ। ठूला परिवर्तनहरू

निर्वाचनबाट प्रायः सम्भव हुँदैनन् । एकलजातीय राज्यको अन्त्य र बहुसांस्कृतिक राज्य निर्माणका लागि सशक्त सडक आन्दोलन जरुरत पर्दछ । अझ, तेस्रो जनआन्दोलनबाट मात्र बहुसांस्कृतिक राज्य स्थापना सम्भव हुन्छ । अतः त्यो उद्देश्य पूरा गर्न मोर्चाले तयारी गर्नुपर्दछ र गर्नेछ ।

आन्दोलनका पूर्वाधारहरू निर्माण भएको अवस्थामा सशक्त आन्दोलन उठ्दछ । यसका लागि जनचेतनाको विस्तार, सङ्गठन निर्माण, नेतृत्व विकास, सञ्जालको विस्तार र मोर्चाबन्दी आदि आवश्यक हुन्छ । त्यसकारण, तेस्रो जनआन्दोलन उठाउन सक्ने मोर्चा या संयुक्त मोर्चा निर्माण गर्दै तयारीमा रहन विभिन्न पहिचानवादी शक्तिहरूबीच साझा मुद्दाका लागि सके एकीकृत हुन र नसके संयुक्त मोर्चाबन्दी गर्न अनिवार्य छ ।

वर्णाश्रम व्यवस्थामा आधारित जातीय छुवाछुत, गहिरो रूपमा गाडिएर रहेको जातीय र सांस्कृतिक पूर्वाग्रह, लैङ्गिक असमानता र अन्य अन्यायपूर्ण कुरीतिहरूको अन्त्य या कम गर्न निरन्तर आन्दोलन जरुरत पर्दछ । मोर्चाले त्यस्ता आन्दोलनहरूको नेतृत्व गर्नुका साथै अन्य सङ्गठनहरूले नेतृत्व गरेका आन्दोलनहरूमा समेत सहभागी हुनेछ । आवश्यक कानुन र नीति निर्माणका लागि

दबाब दिने कार्यमा मोर्चाले समर्थन, महत्त्वपूर्ण भूमिका निर्वाह र नेतृत्व गर्नेछ ।

जसरी राणा शासन अन्त्य गर्न, प्रजातन्त्र ल्याउन र राजा फालेर गणतन्त्र स्थापना गर्न विभिन्न विचारधाराका दल, सङ्गठन र व्यक्तिहरू तत्कालीन समयको एउटै साझा मुद्दाका लागि एकत्रित भएका थिए; त्यसरी नै विभिन्न विचारधारा (दायाँ बायाँ वा मध्य) बोकेका पहिचानवादी शक्तिहरू बहुसांस्कृतिक राज्यसत्ता स्थापनाका लागि एउटै मोर्चामा गोलबन्द हुनुपर्दछ । त्यसैले, मोर्चामा आफूलाई साम्यवादी भन्नेदेखि उदार पुँजीवादी भन्नेसमेतका पहिचानवादीहरूलाई अटाएर अगाडि बढिनेछ ।

प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समिति र ताम्सालिङ संयुक्त सङ्घर्ष समिति आदिको पहिचानवादी मोर्चा घटक रहनेछ र सक्रिय रूपमा आन्दोलनमा लाग्नेछ । अन्य प्रदेशहरूमा उठेको पहिचान बिरोधी नामाकरण विरुद्धका आन्दोलन र अन्य स्थानीय पहिचान केन्द्रित, वर्णाश्रम व्यवस्थाविरुद्ध, लैङ्गिक समानता, सुशासन, न्याय र समानताका लागि भएका आन्दोलनहरूमा मोर्चाले घटक रहेर वा अन्य तरिकाले सहकार्य गरेर सघाउनेछ ।

यो मोर्चा देशभर निर्माण गरिनेछ। देशभरिका पहिचानवादी शक्तिहरूमध्ये सहमत शक्तिहरूसँग एकीकृत भई साझा मोर्चा बनाउँदै लगिनेछ भने एकीकृत हुन नसक्ने शक्तिहरूसँग पनि संयुक्त मोचाबन्दीमार्फत एकैठाउँमा गोलबद्ध भई साझा शक्ति बन्दै आन्दोलनमा अगाडि बढ्नेछ । यसरी, यो मोर्चाले आवश्यकता अनुसार देशभरिका पहिचानवादी शक्तिहरू र अभियन्ताहरूसँग समन्वय गर्नेछ र तेस्रो जनआन्दोलनको जग तयार हुनेछ ।

## ५.२ नयाँ राजनीतिक शक्ति निर्माण

विचार र मुद्दा मिल्नेहरूबीच उचित वातावरण तयार पारी उपयुक्त समयमा नयाँ राजनीतिक शक्ति निर्माण गरिनेछ । यसबारे थप चर्चा पछाडि गरिनेछ ।

नयाँ राजनीतिक शक्ति निर्माण गरिएपछि पनि त्यस शक्ति र अन्य शक्तिहरू तथा स्वतन्त्र अभियन्ताहरू बीच मोर्चाबन्दी कायमै राखिनेछ। उक्त नयाँ राजनीतिक शक्ति पनि पहिचानवादी मोर्चाको सदस्य रहनेछ। मोर्चा र उक्त नयाँ राजनीतिक शक्तिको

गतिविधि समानान्तर रूपमा चल्नेछ र उनीहरूबीचको सहकार्य पनि जारी रहनेछ ।

## ५.३ बृहत् चुनावी मोर्चा

चुनाव अगाडि नै पहिचानवादी मोर्चामा आवद्ध दलहरूसहितको संयुक्त चुनावी मोर्चा निर्माण गरिनेछ । जतिसक्दो चाडो मोर्चाबन्दी हुन्छ यो त्यति नै बढी प्रभावकारी हुनेछ । चुनावी मोर्चामा पहिचानवादी आन्दोलनमा सरिक भएका विभिन्न दल, मोर्चा, सामाजिक संघ-सङ्गठन, स्वतन्त्र नागरिक अभियन्ता तथा व्यक्तिहरू सहभागी रहनेछन् । पहिचानवादी मोर्चाले आवश्यकता अनुसार र स्वीकार्य भएमा चुनावी मोर्चाको सहजीकरण वा नेतृत्व गर्नेछ ।

चुनावी मोर्चा यस अघि गठन भएको आन्दोलन केन्द्रित पहिचानवादी मोर्चाभन्दा केही फरक हुनेछ । आन्दोलन केन्द्रित पहिचानवादी मोर्चामा पहिचानका मुद्दामा सहमत हुने विभिन्न विचारधारा बोकेका तर मोर्चाको मूल्य मान्यता स्वीकार गर्ने व्यक्तिहरू सामेल हुनेछन् र यस मोर्चाको गतिविधि पहिचानको राजनीतिक आन्दोलनमा बढी केन्द्रित रहनेछ । आन्दोलनको

मोर्चाबाट निर्वाचनमा सहयोग पुग्नेछ । तर निर्वाचन केन्द्रित मात्र हुने छैन ।

चुनावी मोर्चाको प्रमुख कार्य अन्य गतिविधिका साथमा निर्वाचन रहनेछ । निर्वाचनका लागि बनेको मोर्चाले विभिन्न दलहरूसँग प्रतिस्पर्धा गर्ने भएकाले ती प्रतिस्पर्धी दलका सदस्यहरू सैद्धान्तिक रूपमा यसका सदस्य हुनसक्ने भए पनि व्यवहारमा कमैमात्र रहने सम्भावना हुन्छ । निर्वाचन मोर्चाको नीति र मूल्य-मान्यताहरूमा स्पष्ट विचार नबनाएसम्म विभिन्न दलहरू मोर्चाका सदस्य हुनसक्ने छैनन् ।

व्यावहारिक रूपमा चुनावी मोर्चा, मोर्चाकै रूपमा रहनेछ । चुनावी मोर्चामा आवद्ध विभिन्न राजनीतिक दल र अन्य सङ्गठनहरूले आ-आफ्ना गतिविधिहरू जारी राख्न सक्नेछन् । तर, चुनावी प्रयोजनका लागि गठित मोर्चालाई निर्वाचन आयोगमा दलको रूपमा दर्ता गरिनेछ । समानुपातिक मतका लागि पनि मोर्चालाई प्राविधिक रूपमा दलको रूपमा दर्ता गर्न जरुरत हुन्छ । निर्वाचन आयोगबाट चुनावी मोर्चालाई प्राप्त चुनाव चिन्ह चुनावी मोर्चामा आवद्ध दलहरूको साझा

चुनाव चिन्ह हुनेछ। उक्त चिन्ह सर्वस्वीकार्य बन्ने धेरै सम्भावना हुन्छ। चुनावी मोर्चामा आवद्ध दल र समर्थित उम्मेदवारहरूले यस चुनावी मोर्चाको चुनाव चिन्हमा निर्वाचन लड्नेछन्।

चुनावी मोर्चामा आधारित दल स्थानीय निर्वाचन अगावै निर्वाचन आयोगमा दर्ता गरिनेछ। यो मोर्चा अन्तर्गत निर्वाचनमा सहभागी हुने उम्मेदवारहरूको एउटै चुनाव चिन्ह हुनेछ। निर्वाचन आयोगमा दर्ता गर्दा बुझाउने केन्द्रीय समितिका पदाधिकारी, सदस्यहरूको नामावली र सङ्ख्या चुनावी मोर्चामा रहेका विभिन्न दलहरूको सदस्यता सङ्ख्याको आधारमा तोकिनेछ। बेग्लै दर्ता भएका दलहरूले निर्वाचन आयोगमा बुझाउने केन्द्रीय सदस्य र साधारण सदस्य मनोनयन गर्दा ख्याल गर्नुपर्नेछ ता कि निर्वाचन आयोगमा एउटै नाम दुई पटक नपुगोस्। आफ्नो भागमा परेका सदस्यहरू सम्बन्धित दल र सङ्गठनहरूले लोकतान्त्रिक विधिबाट प्रक्रिया पुऱ्याई तोक्नु पर्नेछ।

विभिन्न पहिचानवादी शक्तिहरू एक्लाएक्लै चुनावी प्रतिस्पर्धामा उत्रदा प्रभावकारी उपलब्धि हासिल नहुने र चुनावी मोर्चा निर्माण गरी संयुक्त रूपमा उम्मेदवारी दिए बढी उपलब्धि हासिल हुने प्रवल सम्भावना भएकाले संयुक्त चुनावी मोर्चामा

सहभागी हुने प्रायः सबैलाई फाइदा हुनेछ । त्यसैले, पहिचानवादी र पहिचान स्वीकार्ने दल, सङ्गठन र अभियन्ताहरू मोर्चामा जोडिने सम्भावना प्रबल छ । पहिचान पक्षधरबाट बन्ने साझा उम्मेदवारको विरुद्धमा उत्रने पहिचानवादी हौं भन्ने उम्मेदवार हरूलाई पहिचानवादी मतदाताले मतदान गर्ने छैनन् । यो तथ्यलाई इलाम २ को उपनिर्वाचनले प्रष्ट पारिसकेको छ । त्यसले, पहिचानवादी दल वा सङ्गठनहरू एक्लाएक्लै चुनाव लड्ने कार्यलाई निरुत्साहित गर्ने सम्भावना धेरै छ । सीट बाँडफाँडको वैज्ञानिक र स्वीकार्य कार्यविधि तयार भएपछि छरिएर रहेका धेरै दल, सङ्गठन र स्वतन्त्र व्यक्ति-व्यक्तित्वहरू चुनावी मोर्चामा आकर्षित हुने भएकाले बलियो चुनावी मोर्चा बन्नेछ ।

## ५.४ बलियो मोर्चाबन्दी र मोर्चाबन्दीको प्रकृति

नेपालमा निर्माण गरिएका अन्य र सुन्न आएका राजनीतिक मोर्चाहरूभन्दा यी दुवै मोर्चाहरू भिन्न तथा निकै नै दर्बिलो, बलियो र कसिलो हुनेछन् ।

(क) आन्दोलन र चुनावी मोर्चा दुवैमा सदस्यता वितरण गरिनेछ । सदस्यतामा दल र सङ्गठन आदिको आवद्धता वा पूर्व

आवद्धता देखाउन सकिने व्यवस्था गरिनेछ । मोर्चामा जिम्मेवारी तोक्दा सदस्यताको आधार पनि लिइने छ ।

(ख) साथै, सदस्यता र सदस्यताको आधारमा समानुपातिक सीट वितरण र सदस्यतासहित अन्य वैज्ञानिक मापदण्ड अनुसार प्रत्यक्ष सीट वितरण गरिने व्यवस्थाले यो मोर्चालाई दर्बिलो बनाउनेछ ।

(ग) सदस्यता लिनका लागि शुल्क तिर्नुपर्ने भएकाले सदस्यहरूको अपनत्व बढ्नेछ । सदस्यताबाट दुवै मोर्चालाई सञ्चालनका लागि आम्दानी पनि हुनेछ । समानुपातिक र प्रत्यक्ष सीट बाँडफाँडको एउटा प्रमुख आधार सदस्यता हुने भएकाले मोर्चामा आवद्ध दल र सङ्गठनहरूलाई सदस्यता बढाउन प्रेरित गर्नेछ ।

(घ) चुनावी मोर्चा आन्दोलनमा पनि सहभागी बन्ने भएकाले आन्दोलनमा सहभागीहरूबीच विश्वास र सम्बन्ध गहिरिदै जानेछ । सदस्यता शुल्कबाट उठेको आय आन्दोलनका गतिविधि सञ्चालन गर्नमा प्रयोग गर्न सकिनेछ ।

(ङ) चुनावी मोर्चा आन्दोलनमा पनि सक्रियताका साथ सरिक रहने छ । आन्दोलनकारीहरू निर्वाचनमा सक्रिय रहने भएकाले

उम्मेदवारी छनौट टुङ्गो लगाउन आन्दोलनकारीहरूको सहभागिता हुनेछ । आन्दोलनमा सहभागी घटकहरूले आन्दोलनमा सरिक नहुने नेताहरूलाई चुनावी मोर्चाबाट उम्मेदवारी नबनाउने वा विरोध गर्ने प्रबल सम्भावना रहनेछ । साथै, निर्वाचनमा उम्मेदवार भएको खण्डमा पनि आन्दोलनकारी तथा पहिचानवादी मतदाताहरूले इलाम उपचुनावमा झैं आन्दोलनमा सरिक नहुने उम्मेदवारलाई सहयोग नगर्न सक्दछन् । त्यसले, आन्दोलनमा सहभागी नहुने नेता तथा दलहरूलाई आन्दोलनमा सरिक हुन प्रोत्साहन गर्नेछ र यसले आन्दोलनलाई विस्तार गर्न मद्दत पुग्नेछ ।

(च) यस मोर्चाबाट निर्वाचित जनप्रतिनिधिहरू देशको कानुन अनुसार चल्नुपर्ने र मोर्चा निर्वाचन आयोगमा प्राविधिक रूपमा दल दर्ता हुने भएकाले असन्तुष्ट निर्वाचित जनप्रतिनिधि र केन्द्रीय सदस्यहरूलाई दल फुटाउन उल्लेखनीय चुनौती हुनेछ । यी विभिन्न कारणले गर्दा यो चुनावी मोर्चा दर्बिलो र कसिलो हुने नै छ र समयक्रममा झन दर्बिलो बन्दै जानेछ । यो मोडेल दक्षिण अफ्रिकाको ANC (African National Conference) सँग पनि मिल्दोजुल्दो हुनेछ ।

## ५.५ समानुपातिक र प्रत्यक्ष सीट बाँडफाँड

मोर्चामा सदस्यता लिएको सङ्ख्याका आधारमा समानुपातिक र प्रत्यक्ष सीट बाँडिनेछ । मोर्चाको सदस्यता लिदा सदस्यता रसिदको अर्धकट्टीमा आफू कुन दल, सङ्गठन वा पक्षमा आबद्धता रहेको वा स्वतन्त्र रहेको हो, सो खुलाउनु पर्नेछ। यसले विभिन्न दल, सङ्गठन र स्वतन्त्र आदिको कति सदस्यता तथा प्रभाव रहेको छ भन्ने देखाउनेछ । पछि, त्यसै अनुसार समानुपातिक सीट वितरण गर्न सकिनेछ। जुन दल वा सङ्गठनको सदस्यता बढी छ, त्यस दललाई सदस्यताको आधारमा समानुपातिक सीट सङ्ख्या निर्धारण गरिनेछ । उदाहरणका लागि दल "क" को चुनावी मोर्चामा एकलाख सदस्यता, ''ख'' दलको पचहत्तर हजार, "ग" दलको पचास हजार, र ''घ'' दलको पच्चिस हजार भए, "क" दलले चार समानुपातिक सीट, "ख" ले तीन, ''ग'' ले दुई, र ''घ'' ले एक सीट पाउने छन् । पहिचान पक्षधर स्वतन्त्र व्यक्ति-व्यक्तित्वहरूको हकमा भने प्रत्यक्ष तथा समानुपातिकको निश्चित सङ्ख्या तोक्न सकिने छ ।

प्रत्यक्ष उम्मेदवारको सीट सङ्ख्या वितरणमा पनि चुनावी मोर्चामा सदस्य सङ्ख्यासहित अन्य मापदण्डलाई आधार लिन

सकिनेछ। उम्मेदवारको लोकप्रियता, स्रोत साधन जुटाउने क्षमता, जनाधार तथा अन्य वैज्ञानिक मापदण्ड पनि थप्न सकिनेछ।

## ६. मोर्चाको प्रस्तावित सङ्गठनात्मक ढाँचा

मोर्चाको केन्द्रदेखि टोल निकायसम्म प्रत्येक तहमा एकजना संयोजक छानिनेछ। अरू सबै सदस्य रहनेछन्। सदस्यहरूलाई आवश्यकता अनुसार जिम्मेवारी दिइनेछ। कार्यक्षेत्र अनुसार समिति बनाइनेछ। संयोजक र सदस्यहरू तोकिनेछन्। यो प्रारम्भिक सङ्गठनात्मक ढाँचा आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ। जिम्मेवारी बाँडफाँडको आवश्यकता महसुस भए वा विभिन्न घटकहरूको व्यवस्थापन गर्न आवश्यक भएमा आवश्यकता अनुसार सह-संयोजकहरू तोक्न सकिनेछ र मोर्चाको एक सदस्य सचिव रहनेछ। आवश्यकता अनुसार विभिन्न तहमा सचिवालय निर्माण गरिनेछ। साथै, आवश्यकता अनुसार संवाद, सङ्गठन, प्रशिक्षण, कार्यालय, आर्थिक, प्रवास, अन्तर्राष्ट्रिय, कानुन आदि विभागहरू बनाइनेछ। विभाग प्रमुखहरू तोकी काम कार्यान्वयन गरिनेछ।

सातवटा प्रादेशिक संरचनामा संयोजन गर्न अस्थायी ढाँचाको समन्वय समिति बनाइनेछ। विदेशमा प्रवास समितिहरू निर्माण गरिनेछ।

हरेक समिति र उपसमितिको नियमित बैठक बस्नु पर्नेछ। जहाँ नियमित प्रतिवेदन पेश गर्नु पर्नेछ। कुनै कारणले संयोजक उपस्थित हुन सकेन वा जिम्मेवारी पूरा गर्न सकेन भने दुई-तिहाइ सदस्यहरूको निर्णय अनुसार संयोजक फेर्न सकिनेछ। तोकिएको निश्चित अवधिसम्मका लागि संयोजकको अनुपस्थिति हुनेभएमा सह-संयोजकहरूमध्ये छानिएको एकले संयोजकको जिम्मेवारी बहन गर्नेछ।

## ६.१ मोर्चाको सङ्गठनात्मक संरचना

(क) संघीय समिति

(ख) १०+१ प्रदेश समिति (लिम्बुवान, किरात, शेर्पालुङ, ताम्सालिङ, नेवाः, तमुवान, मगरात, खसान, थरुहट, मधेश र दलित/शिल्पी प्रदेश)। आवश्यकता अनुसार अन्य प्रदेश पनि बनाउन सकिनेछ।

(ग) जिल्ला समिति

(घ) स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेषक्षेत्र समिति।

(ङ) पालिका समति

(च) वडा समिति

(छ) टोल समिति

(ज) जनवर्गीय सङ्गठनहरू (महिला, युवा, विद्यार्थी, सञ्चार, साहित्यकार, कलाकार, शिक्षक, किसान, मजदुर, आदिवासी जनजाति, मधेशी, मुस्लिम, खेलकुद, पेशाकर्मी लगायत)

(झ) प्रवास समिति

(ञ) मोर्चाको प्रत्येक समितिमा सल्लाहकार समिति तथा बुद्धिजीवी (Think Tank) समिति रहनेछ ।

## ६.२ मोर्चाको सचिवालय

मोर्चाको सचिवालय समिति रहनेछ । मोर्चाको विभागीय प्रमुखहरू, पहिचान मुल मुद्दा भएकाले विभिन्न राष्ट्र र जातिहरूको सहभागितालाई उचित प्रतिनिधित्व गराउदै सचिवालय गठन गरिनेछ । सहभागी राष्ट्र/जातिको न्यूनतम् प्रतिनिधित्व गरिनेछ र सदस्यता सङ्ख्या अनुसार विभिन्न राष्ट्र र जातिको सदस्य सङ्ख्या थपिने सिद्धान्त अवलम्बन गरिनेछ । महिला, दलित/शिल्पी, मजदुर र किसानहरूको उचित प्रतिनिधित्व सचिवालयमा रहनेछ । साथै, केही सदस्यहरू दक्षताका आधारमा पनि छानिनेछन् ।

## ६.३ अर्थ सङ्कलन

मोर्चा वा भावी नयाँ राजनीतिक शक्तिको आयस्रोत सदस्यहरूबाट प्रदान हुने लेबीका साथै सदस्य, शुभचिन्तक र मतदाताको सहयोग हुनेछ । मोर्चा र नयाँ राजनीतिक शक्तिको कार्यक्रम सञ्चालन गर्न देश विदेशका समर्थक र शुभचिन्तकहरूबाट पनि स्वेच्छिक सहयोग सङ्कलन गरिनेछ (Crowdfunding) । यी कार्यहरूको लागि विद्युतीय सूचना प्रविधिको माध्यमसमेत प्रयोग गरिनेछ ।

## ६.४ सूचना सम्प्रेषण तथा प्रचार–प्रसार

मोर्चा वा भावी नयाँ राजनीतिक शक्तिको मार्गदर्शन, विचारधारा र कार्यक्रमहरू बस्ती तथा टोलसम्मका आम नागरिकसमक्ष पुऱ्याउन छलफल तथा प्रशिक्षण कार्यक्रम गरिनेछ । यसका लागि सबैखाले सञ्चार माध्यमको उचित प्रयोग गरिनेछ । साथै, उद्देश्य, नीति र कार्यक्रम प्रचार-प्रसार तथा विस्तार गर्न नयाँ प्रविधिको प्रयोग गरिनेछ ।

## ७. नयाँ राजनीतिक शक्ति निर्माण र सङ्गठनात्मक ढाँचा

नयाँ राजनीतिक शक्ति निर्माण गर्न मोर्चालाई आवश्यक महसुस भएमा देशको ठूलासाना दलहरूमा देखिएको निम्न समस्याहरू सम्बोधन गर्ने सङ्गठनात्मक ढाँचा अपनाउन सकिनेछः

अहिले प्रायः सबै दलमा देखिएको फुट प्रवृति, नेतामुखी संस्कार, आन्तरिक लोकतन्त्रको अभाव, अध्यक्षको केन्द्रीकृत राजकीय शक्ति र शैली, सत्ताकेन्द्रित व्यवहार र सत्ताका लागि मुद्दा साटिखाने प्रवृत्ति हटाउने वा न्यूनीकरण गर्ने सङ्गठनात्मक ढाँचा निर्माण गर्न आवश्यक छ । नयाँ राजनीतिक शक्तिमा आन्तरिक लोकतन्त्रलाई बढावा दिइनेछ ।

नयाँ राजनीतिक शक्ति निर्माण गर्नका लागि नवीन र प्रभावकारी ढाँचाको प्रस्तावहरू आएमा छलफल गरिनेछ ।

नयाँ राजनीतिक शक्ति निर्माण गरिएमा अगाडि भनिएझैं दल र मोर्चा समानान्तर रूपमा अगाडि बढाइनेछ ।

## ७.१ लगातार दुई कार्यकाल अध्यक्ष बन्न नपाइने

नयाँ राजनीतिक शक्तिमा अध्यक्ष दुई पटक लगातार बन्न नपाइने व्यवस्था गरिनेछ । तर, बीचको अवधि छोडेर तेस्रो पटक पुनः अध्यक्ष बन्न पाइनेछ । महासचिवको हकमा पनि यही नीति लागू हुनेछ । निवर्तमान र पूर्व अध्यक्षहरूलाई सचिवालयमा राखिनेछ । नयाँ राजनीतिक शक्तिमा अपनाइने अध्यक्ष मण्डल र अध्यक्षका बारेमा थप छलफल गर्दै अगाडि बढिनेछ ।

सत्तामुखी राजनीतिक संस्कार भएको समाजमा अध्यक्ष शक्तिशाली नबनाउदा दल चल्ला त भन्ने प्रश्न आउन सक्छ ।

(क) नेपालका दलहरूको बारम्बार फुट साथै नयाँ परिस्थिति अनुसार नयाँ सोच र समस्या सम्बोधन गर्ने उपायहरू नआउनु एउटै व्यक्तिमा लामो समयसम्म शक्ति केन्द्रित हुनु हो । यो रोगबाट सानाठुला प्रायः सबै दलहरू ग्रस्त छन् । रोगको सही कारकतत्त्वको निदान नगरी रोगबाट मुक्ति पाइने छैन ।

(ख) अमेरिकाजस्ता देशमा दलको अध्यक्षमा खासै शक्ति छैन । यद्यपि, दलीय व्यवस्था र लोकतन्त्र सुदृढ भएर

चलिरहेको छ । अब बन्ने नयाँ राजनीतिक शक्तिको अध्यक्ष र महासचिवमा आवश्यक शक्ति हुनेछ । तर, अत्यधिक केन्द्रीकृत र लामो समयसम्म हुने छैन ।

(ग) नयाँ नेतृत्वको विकास गर्नेछ जसले नयाँ सोच र नीति प्रवाह गरी दलको निरन्तर विस्तार गर्नेछ ।

## ७.२ दलको अध्यक्ष मन्त्री बन्न नपाइने

दलको अध्यक्ष मन्त्री-मण्डलमा जान पाइने छैन । अध्यक्षले पार्टीको नेतृत्व सम्हाल्ने हो । मन्त्री मण्डलमा सहभागी बन्ने भए अध्यक्ष पदबाट राजीनामा दिनुपर्नेछ । दलको अध्यक्ष नै मन्त्री, प्रधानमन्त्री भएमा शक्ति केन्द्रीकृत हुनेछ । यी दुई (७.१ र ७.२) प्रावधानले सामूहिक नेतृत्वलाई संस्थागत गर्ने, आन्तरिक लोकतन्त्रको बढावा र सत्तालिप्सा कम गर्न सहयोग पुग्नेछ । साथै, मन्त्रीको कार्यदक्षता बढ्ने र अध्यक्षले पनि पूर्णरूपले आफ्नो जिम्मेवारी बहन गर्न सक्नेछन् ।

यसरी नै समानुपातिक सांसद पनि एकै व्यक्ति लगातार दुईपटक बन्न पाइने छैन ।

## ७.३ कार्यकर्तामुखी सङ्गठन र सदस्यताको आधार

प्रत्येक तहको नेतृत्व त्यही तहको सदस्यहरूबाट सहमति वा निर्वाचनबाट टुङ्गो लगाइनेछ । उदाहरणका लागि दलको वडा अध्यक्ष वा वडा अध्यक्षको उम्मेदवार त्यही वडाका सक्रिय कार्यकर्ताहरूले सहमति वा आन्तरिक चुनावबाट छान्ने व्यवस्था गरिनेछ । गाउँ, नगरपालिका, जिल्ला र माथिल्लो तहबाट हस्तक्षेप गरिने छैन । एवम् रितले गाउँ, नगरपालिका, जनवर्गीय, क्षेत्र समिति, जिल्ला, प्रदेश, संघीय सांसदको पदाधिकारी र उम्मेदवारहरू सम्बन्धित क्षेत्रका कार्यकर्ताले छानी निर्वाचित गर्ने व्यवस्था गरिनेछ । समानुपातिक सांसदहरूको छनौटमा पनि निर्वाचन क्षेत्रका कार्यकर्ताहरूको भूमिका रहनेछ ।

सम्भावित गुटबन्दी न्यूनीकरण गर्न सङ्गठनभित्र वा निर्वाचन दुवैका लागि उम्मेदवार छनोट गर्दा उचित निर्वाचन विधि अपनाइनेछ । उदाहरणका लागि कुनै पनि पदको निर्वाचन जित्न बहुमत ल्याउनु पर्नेछ । तीनजना प्रत्यासी भए प्रत्येक मतदाताले मत हाल्दा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता जनाउनु पर्नेछ । पहिलो प्राथमिकता कसैको बहुमत नआउन सक्छ । त्यसो भएमा दोस्रो प्राथमिकता गनिनेछ । दोस्रो प्राथमिकताको महत्त्व

पचास प्रतिशत मात्र हुनेछ । दुई चरणको मत गन्दा कसैको बहुमत आयो भने त्यो उम्मेदवार निर्वाचित घोषणा गरिनेछ । नभए, तेस्रो प्राथमिकता गनिने छ । तेस्रो प्राथमिकताको महत्त्व पच्चिस प्रतिशत मात्र हुनेछ । सबै प्राथमिकता गनी सक्दा पनि कसैको बहुमत नआए सबै प्राथमिकता जोड्दा जसको बढी मत आउछ उही निर्वाचित भएको घोषणा गरिनेछ । यस आन्तरिक निर्वाचन प्रणालीले गुटबन्दी कम गर्नेछ । साधारणतया, आन्तरिक निर्वाचन र स्वस्थ्य प्रतिस्पर्धालाई प्राथमिकता दिइनेछ ।

कार्यकर्तामुखी सङ्गठनले सक्षम नेतृत्वको छनौट गर्नेछ किनकि स्थानीय नेता र कार्यकर्तालाई माथिका नेताहरूभन्दा स्थानीय क्षेत्रमा को खट्छ या खट्दैन, को दक्ष तथा लोकप्रिय छ भनेर बढी थाहा हुन्छ । सक्षम व्यक्ति निर्वाचित भएमा मोर्चा वा दलको द्रुततर विकास र विस्तार हुनेछ । माथिल्ला नेताले तलको दलीय पद र उम्मेदवारी, नियुक्ति गर्न छोडेपछि नेतामुखी प्रवृत्ति पनि घट्नेछ । महत्त्वाकाङ्क्षी नेता तथा कार्यकर्ताहरू वडा, पालिका र जिल्लामा खट्न थाल्नेछन् । अन्य दलका सक्षम व्यक्तिहरू जो नेतामुखी प्रवृत्तिबाट अवाक भएका छन् उनीहरू पनि यस मोर्चा र दलमा आकर्षित हुन सक्नेछन ।

एवम् रितले सक्षम व्यक्तिहरूको छनौटबाट दल द्रुतत्तर गतिमा विस्तार हुनेछ । बहुसांस्कृतिक सहभागितामुलक समाजवादी लोकतन्त्रको कार्यदिशामा सहमत तथा मोर्चा सङ्गठनको नीति कार्यक्रम स्वीकार गरी व्यवहारमा लागू गर्न अग्रसर रहने १८ वर्ष पुगेको नेपाली नागरिक सङ्गठनको सदस्य बन्न सक्नेछ । खासगरी, मूल नेतृत्वमा रहने निश्चित तहका नेताहरू जननिर्भर वा स्वनिर्भर पूर्णकालीन हुनुपर्नेछ ।

## ७.४ मुद्दा केन्द्रित अडान

भावी संसद त्रिशङ्कु हुने लगभग निश्चित छ। सरकार गठनमा दल र चुनावी मोर्चाको सहयोग चाहिने प्रबल सम्भावना हुनेछ। त्यस समयमा दलले पहिचानको मुद्दा पूरा गर्ने सर्तमा सरकारलाई बाहिर रहेर समर्थन गरेमा सवालहरू सम्बोधन हुने सम्भावना बढी रहन्छ। सरकारमा जाने नै भए मुद्दाको ठोस सम्बोधन भएपछि मात्र जानेछ । सरकारमा कसलाई पठाउने भन्ने निर्णय निश्चित मापदण्डका आधारमा पार्टीको बैठकले गर्नेछ । यसमा दक्षता, वरिष्ठता र समावेशिता लगायतलाई मापदण्ड बनाइनेछ ।

## ८. परराष्ट्र नीति

मोर्चा वा नयाँ राजनीतिक शक्तिले परराष्ट्र नीतिमा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा गरी मुलुकको हक र हितलाई केन्द्रमा राख्नेछ। दुई छिमेकी राष्ट्रलाई प्राथमिकतामा राखेर अन्य मुलुकहरूसँग असंलग्न परराष्ट्र कुटनीतिक विदेश नीति अख्तियार गरिनेछ । सकेसम्म सबै दल र नागरिकहरूसँग छलफल र विमर्श गरी राष्ट्रिय चासो र आवश्यकताबारे टुङ्गो लगाई आम नागरिक र देशको हितमा राष्ट्रिय नीति निर्माण गरेर त्यही अनुसार विभिन्न देशहरूसँग सम्बन्ध स्थापित गरिनेछ ।

देशका विभिन्न सीमाक्षेत्रमा रहेका जनताहरूलाई उनीहरूले सीमाक्षेत्र रक्षामा दिएको योगदानको कदर गर्दै जिवीकोपार्जन, विकास र सुरक्षा आदिमा विशेष व्यवस्था गरिनेछ ।

## ९. संविधानको अग्रगामी पुनर्लेखन

संविधानको अग्रगामी पुनर्लेखनमार्फत बहुसांस्कृतिक तथा सहभागितामूलक समाजवादी लोकतान्त्रिक राज्यव्यवस्था निर्माण आम अवश्यकता हो । परन्तु, समग्र स्थितिलाई ध्यानमा राखी प्रारम्भिक चरणमा संविधानको अग्रगामी संशोधनको आन्दोलन दृढतापूर्वक उठान गर्नु पर्दछ । यसबाट वर्गीय, लैङ्गिक, जातजातीय, प्रशासनिक एवम् कानुनी, विकास निर्माण र सर्वत्र पारदर्शिता, भ्रष्टाचार न्यूनीकरण, राष्ट्रिय स्वाधीनता र सामुदायिक जनजीवनमा आँच पुऱ्याउने सबैखाले वैदेशिक सन्धि सम्झौताको खारेजीद्वारा सम्पूर्ण साझेदारीमा जनताको समृद्ध नेपाल स्थापनाको ऐतिहासिक मार्ग सुनिश्चित गर्न सकियोस् ।

त्यसैगरी, जातिहरूको स्वायत्त प्रदेश निर्माण तथा ती स्वायत्त प्रदेशहरूको एकीकृत देश नेपाल निर्माणको कार्यदिशामा समाजवादी राष्ट्रिय एकीकरण कार्यभार सम्पन्न गर्न सकियोस् ।

अन्ततः अग्रगामी संविधान पुनर्लेखनतर्फ विकसित गर्दै तेस्रो जनआन्दोलन तयारीलाई आक्रामक तुल्याउन मोर्चा दृढ

प्रतिबद्ध रहेको छ । यसका लागि देशभक्तिपूर्ण पहिचान र जनताको जनजिवीकाको आन्दोलन अझ व्यापक र सुदृढ गर्नुपर्दछ ।

## १०. अन्त्यमा

दण्डहीन, भ्रष्ट र एकलजातीय दलाल पुँजीवादी राज्यसत्ताको अन्त्य गरी मुलुकलाई सुशासन सहितको बहुसांस्कृतिक राज्यमा रूपान्तरण गर्नु आजको आवश्यकता हो । नागरिक केन्द्रित वैकल्पिक राजनीतिक शक्ति निर्माण गरी सबै समुदायको सम्मान गर्दै वर्गीय तथा जातीय मुक्ति दिलाउदै देशलाई समृद्ध बनाउनु अबको मूल कार्यभार हो ।

'बहुसांस्कृतिक सहभागितामूलक समाजवादी लोकतन्त्र' विचारधारात्मक पथबाट यो ऐतिहासिक कार्यभार पूरा गर्न सगौरव देश जिम्मा लिने सैद्धान्तिक अवधारणा, सङ्गठनात्मक ढाँचा र कार्ययोजनालाई पहिचानवादी आन्दोलनहरूको जगमा देशव्यापी तेस्रो जनआन्दोलनमार्फत उठाइनेछ । संविधानको अग्रगामी पुनर्लेखनबाट हालसम्म प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न,

पहिचानको आन्दोलनलाई सशक्त बनाउदै परिणाममुखी वा तार्किक निष्कर्षमा पुऱ्याउन आवश्यक भएको छ। यसका लागि विभिन्न पहिचानवादी दल तथा शक्ति, सङ्गठन, अभियन्ता तथा व्यक्तिहरूलाई नयाँ शिराबाट एकताबद्ध भई पहिचानवादीहरूको एकीकृत राष्ट्रिय राजनीतिक शक्ति निर्माणको महान अभियानमा जुट्न हार्दिक आह्वान गर्दछौं ।

जय पहिचान !
अभिवादन !

*(पहिचानवादी मोर्चा, संघीय तदर्थ समितिको मिति २०८१ साउन १८ गते संघीय कार्यालय थसिखेल, ललितपुरमा बसेको पहिलो वैठकद्वारा पारित)*

# परिशिष्ट

## १. समाजवादी लोकतन्त्रको कार्यदिशाबारे

गणतन्त्र यता नेपाली समाजमा, स्वाभाविक रूपमा अर्थराजनीतिक अन्तर्विरोधहरू बदलिएका छन् । जसमा पाँच अन्तर्विरोध पर्दछन्ः दलाल पुँजीवादी राज्यसत्ता र मजदुर, किसान, देशप्रेमी पुँजीपतिबीचको वर्गीय अन्तर्विरोध, पुरुषसत्तावाद र महिलाबीचको लैङ्गिक अन्तर्विरोध, अल्पसङ्ख्यक एकल जातवादी शासकवर्ग र बहुसङ्ख्यक जातजातिबीचको जातीय अन्तर्विरोध, शहर र गाउँबीचको क्षेत्रीय अन्तर्विरोध एवम् राष्ट्रिय आत्मसमर्पणवादी विदेशी दलाल र देशभक्त नेपालीबीचको अन्तर्विरोध नै ती अर्थराजनीतिक अन्तर्विरोध हुन् । यसको एकीकृत समाधानका निमित्त संविधानमा उल्लेखित बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक स्वरूपमा वास्तविक संघीयता कार्यान्वयन, संघीय प्रतिनिधि र कार्यकारी प्रमुख निर्वाचन प्रणालीमा गुणात्मक परिवर्तन एवम् दुई छिमेकी प्रथमिकताको

विदेश नीति किटानसाथ अघि बढ्ने नयाँ ऐतिहासिक कार्यभार उठान गर्नु परेको छ ।

अतः जसका निमित्त मुख्यतः नेपाल पद्ने सिद्धान्तमा विकसित समाजवादी लोकतन्त्रको नयाँ विचारधारा, नयाँ कार्यदिशा र नयाँ कार्यक्रम अपरिहार्य आवश्यक छ । यसरी संविधानको वर्गीय, जातजातीय, लैङ्गिक विभेद अन्त्य गर्दै समाजवाद उन्मुख राज्य हासिल गरिछाड्ने सङ्कल्पमा बहुजातीय संरचनाको वास्तविक संघीयता कार्यान्वयनमा डटेर विद्यमान दलाल पुँजीवादी, एकल जातवादी भ्रष्ट निर्वाचन प्रणाली खारेज गरी वर्गीय, लैङ्गिक, जातजातीय पहिचान प्राथमिकताका आधारमा समाजवादका लागि समाजवादी निर्वाचन प्रणालीको कार्यक्रमका निम्न अन्तर्वस्तु प्रस्तुत छन् ।

## १.१ मजदुर, किसान र पुँजीपतिवर्गीय आयामको प्रतिनिधि व्यवस्था

देशको मजदुर जनसङ्ख्या, किसान जनसङ्ख्या र पुँजीपति जनसङ्ख्या एकिन गरी त्यस जनसङ्ख्याको पूर्ण समानुपातमा वर्गीय प्रतिनिधि सुनिश्चित गर्ने । तदनुसार संघीय प्रतिनिधिसभाको

हकमा, देशमा २० प्रतिशत मजदुर जनसङ्ख्या रहेछ भने जुनसुकै दलबाट भए पनि २० प्रतिशत मजदुर श्रमिकहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । देशमा ६५ प्रतिशत किसान जनसङ्ख्या रहेछ भने जुनसुकै दलबाट भए पनि ६५ प्रतिशत किसान श्रमिकहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । बाँकी १५ प्रतिशत पुँजीपति जनसङ्ख्या रहेछ भने जुनसुकै दलबाट १५ प्रतिशत पुँजीपतिहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् ।

यसरी, बहुदलीय प्रणालीभित्र बहुवर्गीय प्रतिनिधि निर्वाचन प्रणाली स्थापनाले तीन वर्गीय प्रतिनिधिसभा निर्माण गर्दछ । जसमा, ८५ प्रतिशत मजदुर-किसान श्रमिकवर्गको प्रतिनिधित्व सुनिश्चितताले समाजवाद भनेको वस्तुतः श्रमिकवर्गको राज्यसत्ता हो, भन्ने तथ्य स्थापित गर्दछ र पुँजीपतिवर्गको पनि जनसङ्ख्या आधारित प्रतिनिधित्व सुनिश्चितताले उनीहरूको न्यायोचित व्यवस्थापन गर्दछ ।

## १.२ लैङ्गिक आयामको प्रतिनिधि व्यवस्था

राज्यका सबै तहको प्रतिनिधिसभामा, लैङ्गिक जनसङ्ख्याको पूर्ण समानुपातमा ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुषहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर महिला-पुरुष, किसान महिला-पुरुष र पुँजीपति महिला-पुरुषको हैसियतमा निर्वाचित हुनेछन् । जातजातिगत रूपमा उनीहरू दलित महिला-पुरुष, जनजाति आदिवासी महिला-पुरुष, मधेसी-मुस्लिम महिला-पुरुष, खस महिला-पुरुष र ब्राह्मण महिला-पुरुषको हैसियतमा निर्वाचित हुनेछन् ।

## १.३ दलितको जातगत प्रतिनिधि व्यवस्था

देशमा १३.८ प्रतिशत दलित जनसङ्ख्या रहेछ भने १३.८ प्रतिशत दलितहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर दलित, किसान दलित र पुँजीपति दलितको हैसियतमा निर्वाचित हुनेछन् । ऐतिहासिक श्रमिकवर्गको सन्दर्भमा दलित विशेषाधिकार हुनेछ ।

## १.४ जनजाति आदिवासीको जातिगत प्रतिनिधि व्यवस्था

देशमा थारूसहित ३६ प्रतिशत जनजाति आदिवासीको जनसङ्ख्या रहेछ भने ३६ प्रतिशत आदिवासीहरू प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर आदिवासी, किसान आदिवासी र पुँजीपति आदिवासीको हैसियतमा निर्वाचित हुनेछन् ।

## १.५ मधेसी–मुस्लिमको समुदायगत प्रतिनिधि व्यवस्था

देशमा २० प्रतिशत मधेसी-मुस्लिम जनसङ्ख्या रहेछ भने २० प्रतिशत मधेसी-मुस्लिमहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर मधेसी-मुस्लिम, किसान मधेसी-मुस्लिम र पुँजीपति मधेसी-मुस्लिमको हैसियतमा निर्वाचित हुनेछन् ।

## १.६ खसको जातिगत प्रतिनिधि व्यवस्था

देशमा १८ प्रतिशत खस जनसङ्ख्या रहेछ भने १८ प्रतिशत खसहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर खस, किसान खस र पुँजीपति खसको हैसियतमा निर्वाचित हुनेछन ।

## १.७ ब्राह्मणको जातगत प्रतिनिधि व्यवस्था

देशमा १२ प्रतिशत ब्राह्मण जनसङ्ख्या रहेछ भने १२ प्रतिशत ब्राह्मणहरू प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । वर्गीय रूपमा उनीहरू मजदुर ब्राह्मण, किसान ब्राह्मण र पुँजीपति ब्राह्मणको हैसियतमा निर्वाचित हुनेछन् ।

उपरोक्त १ को वर्गीय, २ को लैङ्गिक र ३-७ सम्मको जातजातिगत अथवा सामुदायिक प्रतिनिधित्वमा आधारित तीन एकीकृत आयामको प्रतिनिधि निर्वाचन प्रणाली नै नेपालमा समाजवादका लागि समाजवादी लोकतान्त्रिक निर्वाचन प्रणाली हो । यस्तो पूर्ण समानुपातिक प्रतिनिधिको व्यवस्था सामुदायिक अग्राधिकारमा स्वायत्त गणराज्य/प्रदेश तथा स्वायत्त एकाइहरू र स्थानीय तहमा समेत अनिवार्य छ ।

## १.८ देशको कार्यकारी प्रमुख निर्वाचन प्रणाली

(क) दलित, मधेसी-मुलिम, जनजाति आदिवासी र खस-आर्यको सामुदायिक चक्रप्रणालीमा देशको कार्यकारी प्रमुख चुन्ने व्यवस्था गर्नुपर्छ । यसले, उत्पीडित समुदायमा

ऐतिहासिक महत्त्वको भारी प्रोत्साहन तथा खस-आर्यको पनि न्यायोचित व्यवस्थापन गर्दछ ।

(ख) कार्यकारी प्रमुखले प्रतिनिधसभा समक्ष राजनीतिक व्यक्तिहरू र अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारी, वैज्ञानिक-प्राविधिक, पत्रकार, वकीलमध्येबाट कार्यकारी सदस्य अर्थात मन्त्री मनोनयन प्रस्ताव गर्ने र सो प्रस्तावउपर प्रतिनिधिसभाको सामान्य बहुमतले अनुमोदन गर्ने हुनुपर्दछ ।

(ग) समाजवादी लोकतन्त्रको प्रतिनिधि निर्वाचन प्रणालीसहित सामुदायिक चक्रप्रणालीमा कार्यकारी प्रमुख चुन्ने शासकीय व्यवस्था गरिसक्दा कार्यकारी प्रमुखको निर्वाचन प्रतिनिधिसभाबाट अथवा संसदीय प्रणालीमै गर्नु उपयुक्त हुने देखिन्छ ।

(घ) देशको कारकारी प्रमुख राष्ट्रपति या प्रधानमन्त्रीमध्ये के हुने भन्ने सम्बन्धमा मुख्यतः नेपाल पढ्ने सिद्धान्तमा आधारित रहेर छलफलद्वारा सहमतिमा पुग्न सकिन्छ ।

## १.९ स्थानीय सरकारबारे

(क) देशमा स्थानीय तहको कार्यकारी प्रमुख निर्वाचनमा लैङ्गिक चक्रप्रणाली अख्तियार गरिनु पर्दछ । जस अनुसार पाँचवर्ष महिला प्रमुख हुनेछन् भने अर्को पाँचवर्ष पुरुष प्रमुख हुनेछन् ।

(ख) साथसाथै, राज्यको ७० प्रतिशत बजेटसहित समाजवाद (शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाध्य अधिकार) कार्यान्वयन दायित्व स्थानीय सरकारमा हस्तान्तरण सङ्घर्ष उठान गर्नु पर्दछ ।

## १.१० नयाँ राष्ट्रिय एकीकरणको शर्त वास्तविक संघीयता कार्यान्वयन

(क) संविधानको प्रस्तावना र धारा ३ मा स्वीकार गरिएको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक अभिव्यक्तिले गणतन्त्र नेपाललाई बहुराष्ट्रिय राज्य प्रमाणित गर्दछ, जसको आधारमा वास्तविक संघीयता कार्यान्वयन गर्ने हुनुपर्दछ ।

(ख) सभ्यता राज्यको सिद्धान्तमा प्रत्यक जातिको स्वायत्त देश निर्माण तथा ती स्वायत्त देशहरूको (समाजवादी लोकतान्त्रिक आधारमा) एकीकृत देश-नेपाल निर्माण कार्यदिशाबाट देशभक्तिपूर्ण नयाँ राष्ट्रिय एकीकरणलाई पूर्णता दिइनु पर्दछ ।

## १.११ अर्थनीतिक कार्यदिशा

(क) देशभक्त समाजवादी लोकतन्त्रमा मिश्रित अर्थतन्त्र नै हुनेछ । यस अन्तर्गत राजकीय, सामुदायिक एवम् बाह्य र आन्तरिक राष्ट्रिय जीवनमा आँच नपुर्याउने सुनिश्चितताको निजी सम्पत्तिलाई प्रवर्द्धन गरिनेछ ।

(ख) देशभक्त समाजवादको उपरी संरचना र विज्ञान-प्रविधि प्रमुख उत्पादक शक्तिको आधार स्थापनाबाट नेपाल र नेपालीको अग्रगामी भविष्य सुदृढ गर्न सकिन्छ ।

(ग) दुई छिमेकी प्राथमिकताको अन्तर्निभर राष्ट्रिय अर्थतन्त्र निर्माणमा जोड दिनु पर्ने स्वतः स्पष्ट छ ।

## १.१२ सामरिक कार्यदिशा र कार्यनीतिक नारा

(क) समाजवादी लोकतन्त्रको सामरिक कार्यदिशा शान्तिपूर्ण सडक आन्दोलनहुँदै निर्वाचन उपयोगको कार्यनीति र महान जनविद्रोहको रणनीतिमा आधारित रहनेछ ।

(ख) पहिचानसहित समाजवादका लागि संविधान पुनर्लेखन, संविधान पुनर्लेखनका लागि तेस्रो जनआन्दोलन र सार्वभौम शक्ति निर्माणको राजनीतिक कार्यनीतिक नारा हुनेछ ।

## १.१३ समाजवादी लोकतन्त्रको कार्यदिशाबारे

मुख्यतः नेपाल पढ्ने सिद्धान्तमा नेपाली समाजको प्रकृति र उत्पीडित जनहित अनुकूल राज्यव्यवस्था परिवर्तन हेतु समाजवादी लोकतन्त्रले विचारधारा, कार्यदिशा र कार्यक्रम तीनवटै विषयवस्तुको प्रतिनिधित्व गर्दछ । जसलाई, सारसङ्क्षेप विश्लेषणमा प्रस्ताव गरिन्छः

## (क) विचारधारात्मक कार्यदिशा

दलीय राजनीतिक स्वतन्त्रताको आधारमा आर्थिक समानताको विचारधाराले राणाशासन, निर्दलीय पञ्चायत तथा राजतन्त्रात्मक निरङ्कुशता विरुद्ध सकारात्मक योगदान गरे पनि नेपाली समाजको समग्र अन्तर्विरोध हल गर्न सकिरहेको छैन र गर्न सक्ने पनि देखिंदैन । अर्थात लोकतन्त्र भनेको फगत दलीयता मात्र होइन । अतः नेपाली समाजको प्राकृतिक स्वरूपमा लोकतन्त्र अभ्यासका निमित्त राजनीतिक समानताको आधारमा आर्थिक समानता र मानवीय स्वतन्त्रता प्रत्याभूत गर्न सक्षम नवीन विचारधारा अपरिहार्य छ, जुन देशभक्तिपूर्ण समाजवादी लोकतन्त्रको विचारधारा हो । जसले, वर्गीय राजनीतिक समानता, लैङ्गिक राजनीतिक समानता, जातजातीय राजनीतिक समानता प्रत्याभूत गरोस् । स्वाभाविक तवरमा त्यसबाट आर्थिक समानताहुँदै मानवीय स्वतन्त्रताको मार्गप्रशस्त गरियोस् । तब श्रमिक तथा विस्थापितवर्ग, लिङ्ग, जातजाति, क्षेत्र एवम् देशभक्तहरूबीच आन्तरिक एकताबाट समाजवादी राष्ट्रिय एकीकरण सम्भव हुनेछ र नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा अखण्डता सुदृढ गर्न सकिने छ ।

विशेष स्मरणीय छ कि शिक्षा, स्वास्थ्य, रोजगारीलाई राज्यको दायित्वमा राख्ने उदार पुँजीवाद नवउदार तथा दलाल पुँजीवादमा पतन भएको र कम्युनिस्ट आवरणकाहरू पनि दलाल पुँजीवादकै पुच्छर बन्न पुगेका कारण समकालीन नेपाली राजनीतिमा साम्यवादसम्म जाने कि नजाने भन्ने बहस वस्तुतः औचित्यहीन मात्र होइन, प्रत्युत्पादक समेत देखिन्छ । त्यस्तो बहसले पहिचानलगायत नेपाली समाजको गुणात्मक परिवर्तनमा जनशक्ति विभाजित मात्र गरिरहेको छ । अतः राजनीतिक समानता प्रधान समाजवादी लोकतन्त्रले दलीय स्वतन्त्रता स्वीकार गर्दछ, जस अन्तर्गत साम्यवादतर्फ जान चाहने अथवा नचाहने दुवैलाई प्रतिस्पर्धाको हक रहने स्वतः प्रष्ट छ । अर्को शब्दमा समाजवादी लोकतन्त्र दीर्घकालीन राजनीतिक मोर्चाको विचारधारा हो, जस अन्तर्गत पहिचान पक्षधर मार्क्सवादी र उदार पुँजीवादी दुवैलाई एक आधारभूत चरण एकसाथ लिएर अघि बढ्नेमा हर सम्भव प्रयत्न गर्ने हुनुपर्दछ ।

समाजवादी लोकतन्त्रको राजनीतिक कार्यदिशाबाट पहिलो जनआन्दोलनको बहुदलीय प्रतिस्पर्धा र जनयुद्धको जगमा दोस्रो जनआन्दोलनद्वारा गणतन्त्र लगायतका उपलब्धिको रक्षा गर्दै

दलाल पुँजीवादी, एकल जातवादी, भ्रष्ट शासनसत्ता अन्त्य गरेर बहुसांस्कृतिक एवम् सहभागितामूलक नयाँ राज्यव्यवस्था स्थापनाको लक्ष्यतर्फ तेस्रो जनआन्दोलन तयारीमा केन्द्रित हुनुपर्दछ ।

सङ्गठनको हकमा, संस्थागत रूपमा समाजवादी लोकतन्त्र कार्यान्वयन गर्ने, तर व्यक्तिगत रूपमा अध्ययन, खोज कार्य स्वायत्ततासहित पहिचान पक्षधर मार्क्सवादी र उदार पुँजीवादीहरूलाई सदस्य बन्न मिल्नेगरी दीर्घकालीन राजनीतिक मोर्चाको स्वरूप उपयुक्त हुने देखिन्छ ।

## (ख) **विश्वदृष्टिकोण**

समाजवादी लोकतन्त्रको विश्वदृष्टिकोण तथ्यको आधारमा सत्य खोज्ने, वस्तु र घटनालाई हेर्ने, बुझ्ने र मुख्यतः बदल्ने विज्ञान-प्रविधियुक्त वैज्ञानिक दर्शनमा आधारित रहनेछ ।

उपरोक्त समाजवादी लोकतन्त्रको विचारधारा, कार्यदिशा र कार्यक्रमका आधारमा संविधानमा अभिव्यक्त वर्गीय, लैङ्गिक, जातजातिगत अन्तर्विरोध हल गर्न सकिन्छ । देशभक्तिपूर्ण

नयाँ राष्ट्रिय एकीकरणसहित समाजवाद उन्मुख राज्यव्यवस्था अभ्यास प्रारम्भ गर्दै सम्पूर्ण साझेदारीमा स्वाधीन र समृद्ध नेपालको मुलढोका खोल्न सकिन्छ ।

***स्रोत*:** *तेस्रो जनआन्दोलन तयारी समितिको तर्फबाट संयोजक गोपाल किरातीद्वारा प्रस्तुत कार्यदिशाबारे दस्तावेज, २०८१ ।*

पहिचानवादी मोर्चा

संघीय समिति, थसिखेल, ललितपुर

E-mail: idfrontnp@gmail.com